# स्विस महासंघको संघीय संविधान

*एप्रिल १८, १९९९ (अक्टोबर १५, २००२ सम्म संशोधन गरिएमुताविक)*

## पृष्ठभूमि

सर्वशक्तिमान् परमेश्वरको नाउँमा !

*हामी, स्विस जनता तथा प्रान्तहरू,*

सृष्टिप्रति हाम्रो जिम्मेवारीको वारेमा हामी सचेत भएकाले

संसारप्रति खुलापन राखी, स्वाधीनता तथा शान्ति सुदृढ गर्न र स्वतन्त्रता तथा प्रजातन्त्र प्रतिको हाम्रो सहकार्यलाई नविकरण गर्दै ;

परस्पर आदर र मान्यता सहीत एकतामा भएको हाम्रो विविधतामा बाच्ने कुरामा दृढ निश्चयि हुंदै

हाम्रा साझा उपलब्धिहरू तथा भावी पुस्ताप्रतिको हाम्रो उत्तरदायित्वको वारेमा हामी जागरुक रहदै

स्वतन्त्र त्यो मात्र हो जसले स्वतन्त्रताको उपभोग गर्छ र जनताको सामर्थ्य जाच्ने मापदण्ड कमजोरहरुको कल्याण नै हो भन्ने कुरामा निश्चित हुंदै

*हामी तल उल्लेख गरिएको संविधानलाई अंगीकार गर्दछौं* [1] *:*

## शिर्षक १ : सामान्य व्यवस्था

**धारा १** स्विस महासंघ

स्विस जनता र ज्युरिक, बर्न, ल्युसर्न, यूरी, स्वोइज, ओबवल्ड तथा निडवल्ड, ग्लारस, जुग, फ्रिबोर्ग, सोलोथर्न, बा:जल सिटि, तथा बा:जल ल्याण्ड, स्याफ्हउसेन, अपेनजेल आउटर रउड्ज, तथा अपेनजेल इनर रउड्ज, सेन्ट गोल, ग्राइसन्ज, आर्गाउ, थुर्गाउ, टिची:नौ, भोड, भ्यालाइस, न्यूचाटेल, जेनेभा, र जुराका प्रान्तहरूले स्विस महासंघ गठन गर्दछौं ।

**धारा २** उद्देश्य

[१] स्विस महासंघले जनताका स्वतन्त्रता तथा अधिकारहरूको रक्षा गर्नेछ, र देशको स्वाधीनता तथा सुरक्षा सुनिश्चित गर्नेछ ।

[२] यसले साझा कल्याण , दिगो विकास, आन्तरिक एकता, तथा देशको सांस्कृतिक विविधताको प्रवर्धन गर्नेछ ।

[३] यसले सम्पूर्ण नागरिकहरूलाई अधिकतम संभाव्य समान अवसर सुनिश्चित गर्नेछ ।

---

[1] एप्रिल १८, १९९९ को मतदानमा अंगीकार गरिएको, अगस्ट ११, १९९९ मा संघीय सरकारको निर्णयद्वारा ठीक छ भनी प्रमाणित गरिएको र डिसेम्बर १८, १९९८ को संघीय आज्ञप्तिमा आधारित ।

[४] यसले प्राकृतिक स्रोत-साधनहरूको दीर्घकालीन संरक्षण गर्न, तथा एउटा न्यायिक र शान्त अन्तर्राष्ट्रिय सुव्यवस्था प्रवर्धन गर्न हरसंभव प्रयत्न गर्नेछ ।

**धारा ३** प्रान्तहरू

प्रान्तहरू सार्वभौमसत्ता सम्पन्न छन र संघीय संविधानले तिनीहरूको सार्वभौमसत्ता सीमित गरेको छैन ; तिनीहरूले ती सबै अधिकारहरू प्रयोग गर्नेछन् जुन महासंघमा  हस्तान्तर गरिएका छैनन् ।

**धारा ४** राष्ट्रिय भाषाहरू

राष्ट्रिय भाषाहरू जर्मन, फ्रेन्च, इटालियन, र रौम्यान्स हुन् ।

**धारा ५** कानूनको शासन

[१] राज्यका गतिविधिहरूको आधार र सिमा कानून हुने छ ।
[२] राज्यको गतिविधि आमजनताको हितमा समानुपातिक हुनुपर्दछ ।
[३] राज्यका अङ्गहरू तथा निजि निकायहरुले अनिवार्य रुपमा असल नियतका साथ काम गर्नेछन ।
[४] महासंघ र प्रान्तहरूले अन्तर्राष्ट्रिय कानूनको सम्मान गर्नेछन् ।

**धारा ६** व्यक्तिगत तथा सामाजिक जिम्मेवारी

सबै व्यक्तिहरू आफैमा जिम्मेवार हुन्छन्, र उनीहरूले आफ्ना क्षमता अनुसार राज्य तथा समाजका उद्देश्यहरू प्राप्त गर्ने कार्यमा योगदान पुऱ्याउनेछन ।।

**शिर्षक २ : मौलिक, नागरिक र सामाजिक अधिकारहरु**

**महल १ : मौलिक अधिकार**

**धारा ७** मानवीय गरिमा

मानवीय गरिमाको आदर तथा संरक्षण गरिनेछ ।

**धारा ८** कानूनको सामु समानता

[१] कानूनको सामु सम्पूर्ण मानिसहरू समान छन् ।
[२] कसैललाईपनि  विशेषगरी उत्पति, वंश, लिङ्ग, उमेर, भाषा, सामाजिक स्थान, जीवनशैली, धार्मिक आस्था, दार्शनिक विचार अथवा राजनैतिक आस्थाको आधारमा, वा कुनै शारीरिक वा मानसिक असक्षमताको कारणले गर्दा भेदभाव गरिनेछैन ।।
[३] महिला तथा पुरुषलाई समान अधिकार प्राप्त छन । कानूनले् वैधानिक तथा तथ्यगत समानता, विशेषगरी परिवार, शिक्षा, र काममा  सुनिश्चित गर्नेछ । महिला तथा पुरुषको समान महत्त्वको कामका निम्ति समान पारिश्रमिक पाउने अधिकार हुनेछ ।
[४] कानूनले अपाङ्ग मानिसहरूलाई परेका असुविधाहरू हटाउनका निम्ति आवश्यक उपाय गर्नेछ ।

**धारा ९** स्वेच्छाचारीताको विरुद्ध तथा असल नियतको संरक्षण

हरेक व्यक्तिले राज्यका अङ्गहरूद्वारा स्वेच्छाचारीता विना र असल नियतले गरिने व्यवहार पाउने अधिकार राख्छन ।

**धारा १०** जीवनको अधिकार तथा वैयक्तिक स्वतन्त्रता

[१] हरेक व्यक्तिलाई जीवनको अधिकार अधिकार हुन्छ । मृत्युदण्डलाई प्रतिबन्धित गरिएको छ ।
[२] हरेका व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताको, विशेषगरी शारीरिक तथा मानसिक प्रतिष्ठाको, र आवत-जावतको स्वतन्त्रताको अधिकार हुन्छ,।
[३] यातना र अन्य कुनै पनि क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड प्रतिबन्धित गरिएका छन् ।

**धारा ११** बालबालिका तथा किशोरहरुको संरक्षण

[१] बालबालिका तथा किशोरहरुलाई आफनो प्रतिष्ठाको विशेष संरक्षण प्राप्त गर्ने र विकासको लागि प्रोत्साहन पाउने अधिकार हुनेछ ।
[२] उनीहरूले आफ्नो स्वविवेक प्रयोग गर्न सक्ने क्षमताको आधारमा आफनो अधिकारको प्रयोग गर्नेछन ।

**धारा १२** आपत्-विपत्मा सहयोग पाउने अधिकार

आपत्-विपत्मा परेका र आफैले आफैलाई हेरविचार गर्न असक्षम भएका व्यक्तिहरूको अरूबाट सरसहयोग पाउने, र मानवीय गरिमापुर्ण जीवन यापन गर्नका निम्ति अपरिहार्य साधन प्राप्त गर्ने अधिकार हुन्छ ।

**धारा १३** गोपनीयताको अधिकार

[१] प्रत्येक व्यक्तिलाई आफनो  सरिर, पारिवारिक जीवन, घर,प्रति आदर प्राप्त गर्ने र आफना चिठी-पत्रहरू तथा संचारको गोपनीयताको अधिकार हुन्छ ।
[२] प्रत्येक व्यक्तिलाई आफनो निजी तथ्याङ्कको दुरुपयोगको विरुद्ध संरक्षण पाउने अधिकार हुन्छ ।

**धारा १४** बिहावारी तथा परिवारको अधिकार

बिहावारी गर्ने र परिवार बनाउने अधिकारको प्रत्याभूति दिइएको छ ।

**धारा १५** धर्म तथा दर्शनको स्वतन्त्रता

[१] धर्म तथा दर्शन स्वतन्त्रताको प्रत्याभूति दिइएको छ ।
[२] प्रत्येक व्यक्तिलाई आफ्नो धार्मिक आस्था वा दार्शनिक विचार स्वतन्त्रतापूर्वक छान्न पाउने, र तिनीहरूलाई एक्लै वा समुदायमा अरूसँग  खुलारूपमा व्यक्त गर्न पाउने अधिकार छ ।
[३] प्रत्येक व्यक्तिलाई कुनैपनि धार्मिक समुदायमा प्रवेश गर्ने वा आवद्ध हुने, र धार्मिक शिक्षाहरू ग्रहण गर्ने अधिकार छ ।
[४] कुनै पनि व्यक्तिलाई कुनै धार्मिक समुदायमा प्रवेश गर्न वा आवद्ध हुन, धार्मिक क्रियाकलापमा भाग लिन, वा धार्मिक शिक्षाहरू ग्रहण गर्न बाध्य गराउन पाइने छैन ।

**धारा १६** अभिव्यक्ति तथा सूचनाको स्वतन्त्रता

[1] अभिव्यक्ति तथा सूचनाको स्वतन्त्रताको प्रत्याभूति दिइएको छ ।
[2] सबै व्यक्तिहरूलाई स्वतन्त्रतापूर्वक आफ्ना विचारहरू राख्ने, अभिव्यक्त गर्ने, र प्रचार-प्रसार गर्ने अधिकार छ ।
[3] सबै व्यक्तिहरूलाई स्वतन्त्रतापूर्वक सूचना प्राप्त गर्ने, त्यस्ता सूचनाहरु सामान्यत: प्राप्त गर्न सकिने स्रोतहरूबाट संकलन गर्ने, र त्यसलाई प्रचार-प्रसार गर्ने अधिकार छ ।

**धारा १७** संचार माध्यमहरूको अधिकार

[1] छापाखाना, रेडियो तथा टेलिभिजनको स्वतन्त्रकाको साथै उत्पादन तथा सूचनाको सार्वजनिक प्रसारण गर्ने स्वतन्त्रताको प्रत्याभूति दिइएको छ ।
[2] सेन्सरशिप (पुर्वनियन्त्रण) प्रतिबन्धित गरिएको छ ।
[3] सम्पादकीय गोप्यताको प्रत्याभूति दिइएको छ ।

**धारा १८** भाषिक स्वतन्त्रता

१ भाषिक स्वतन्त्रताको प्रत्याभूति दिइएको छ ।

**धारा १९** प्राथमिक शिक्षाको अधिकार

पर्याप्त तथा नि:शुल्क प्राथमिक शिक्षा अधिकारको प्रत्याभूति दिइएको छ ।

**धारा २०** बिज्ञानको स्वतन्त्रता

बैज्ञानिक अनुसन्धान तथा शिक्षाको स्वतन्त्रताको प्रत्याभूति दिइएको छ ।

**धारा २१** कला स्वतन्त्रता

कलाको स्वतन्त्रताको प्रत्याभूति दिइएको छ ।

**धारा २२** भेला हुन पाउने स्वतन्त्रता

[1] भेला हुन पाउने स्वतन्त्रताको प्रत्याभूति दिइएको छ ।
[2] प्रत्येक व्यक्तिलाई भेलाहरू आयोजना गर्ने, तिनमा सहभागी हुने वा तिनमा सहभागी नहुने अधिकार हुन्छ ।

**धारा २३** महासंघ गर्ने स्वतन्त्रता

[1] सगठनगर्ने स्वतन्त्रताको प्रत्याभूति दिइएको छ ।
[2] प्रत्येक व्यक्तिलाई संघ-संस्थाहरू गठन गर्ने, तिनीहरूमा प्रवेश गर्ने वा आबद्ध हुने, र तिनीहरूका गतिविधिहरूमा सहभागी हुने अधिकार हुन्छ ।
[3] कुनै पनि व्यक्तिलाई जुनसुकै संघ-संस्थामा पनि प्रवेश गर्न वा आवद्ध हुन बाध्य पार्न पाइने छैन ।

**धारा २४** बसोबासको स्वतन्त्रता

[1] स्विस नागरिकहरूको देशभित्र जहाँसुकै पनि आफ्नो बसोबास स्थापना गर्ने अधिकार छ ।

[२] उनीहरूको स्विट्जरल्याण्ड छोड्ने वा स्विट्जरल्याण्डमा फर्कने अधिकार छ ।

**धारा २५** जवरजस्ती निकाला, सुपुर्दगी, तथा जवरजस्ती स्थानान्तरण विरुद्ध संरक्षण

[१] स्विस नागरिकहरू आफ्नो देशबाट जबरजस्ती निकाला गरिने छैनन्; उनीहरूको मन्जूरीमा मात्र विदेशी निकायमा लाई उनीहरूको सुपुर्दगी गर्न सकिनेछ ।
[२] शरणार्थीहरूलाई उनीहरू सताइएको देशमा बलजफत स्थानान्तरण वा सुपुर्दगी गरिनेछैन ।
[३] कुनै पनि व्यक्तिलाई उसलाई यातना, वा अन्य प्रकारको क्रुर,वा अमानवीय व्यवहार वा दण्ड हुने सम्भावना भएको देशमा बलजफत स्थानान्तरण गरिने छैन ।

**धारा २६** सम्पत्तिको अधिकार

[१] सम्पत्ति अधिकारको प्रत्याभूति दिइएको छ ।
[२] स्वामित्वको जफत वा प्रतिबन्ध गरिए बराबर त्यसको पूर्णरूपमा क्षतिपूर्ति दिइनेछ ।

**धारा २७** आर्थिक स्वतन्त्रता

[१] आर्थिक स्वतन्त्रताको प्रत्याभूति दिइएको छ ।
[२] यसमा विशेषगरी आफ्नो पेशा रोज्ने, र निजी आर्थिक गतिविधिमा स्वतन्त्र पहुँच तथा स्वतन्त्र अभ्यासको उपभोग गर्न पाउने स्वतन्त्रता समावेश छन् ।

**धारा २८** **युनियन गठन** गर्ने अधिकार

[१] कामदारहरू, नोकरीदिनेहरु र तिनीहरूका संघमहासंघहरूको आफ्नो हकहितको रक्षाको निम्ति संगठित हुने, यूनियनहरू गठन गर्ने र तिनमा प्रवेश गर्ने वा तिनीहरूदेखि अलग रहने अधिकार छ ।
[२] विवादलाई यथासम्भव वार्ता र मेलमिलापको माध्यमव्दारा समाधान गरिनेछ ।
[३] हडताल तथा तालाबन्दी गर्ने कार्यलाई मजदुर सम्बन्धहरूसँग सम्बन्धित भएमा, र श्रम शान्ति राख्ने बाध्यताहरू वा मेलमिलापको विपरित नभएमा अनुमति दिइएको छ ।
[४] कानूनले निश्चित श्रेणीका व्यक्तिहरूलाई हडताल गर्न बन्देज लगाउन सक्नेछ ।

**धारा २९** सामान्य प्रक्रियात्मक प्रत्याभूतिहरू

[१] कुनैपनि कानूनी वा प्रशासकीय कारबाईहरूमा समान र निष्पक्ष पुर्पक्ष गर्ने र समुचित समयभित्र फैसला हुनुपर्ने अधिकार प्रत्येक व्यक्तिलाई छ ।
[२] पक्षहरुलाई आफनो कुरा भन्ने अधिकार हुन्छ ।
[३] आवश्यक स्रोतसाधनको अभाव भएको प्रत्येक व्यक्तिको, मुद्दामा कुनै औचित्यै नदेखीएको अवस्थामा बाहेर, नि:शुल्क कानूनी सहायता प्राप्त गर्ने अधिकार हुन्छ । झन कुनै व्यक्तिको अधिकारको संरक्षण गर्नुपर्ने आवश्यक परेको खण्डमा उसको नि:शुल्क कानून व्यवशायिको सेवा प्राप्त गर्ने अधिकार हुन्छ ।

**धारा २९** *क* [२] कानूनी कारवाईको प्रत्याभूति

प्रत्येक व्यक्तिलाई आफनो कानूनी विवादहरूको फैसला न्यायिक निकायव्दारा गराउन पाउने अधिकार हुन्छ । (स्विस) महासंघ तथा प्रान्तहरूले अपवादात्मक अवस्थाहरूमा न्यायिक कारवाई अस्विकार गर्न सक्नेछन् ।

---

[२] मार्च १२, २००० को मतदानमा अंगीकार गरिएको, मे १७, २००० मा संघीय सरकारको निर्णयद्वारा ठीक छ भनी प्रमाणित गरिएको र अक्टोबर ८, १९९९ को संघीय आज्ञप्तिमा आधारित ।

**धारा ३०** न्यायिक कारवाई

१ हरेक व्यक्ति, जसको न्यायिक कारवाईमा आफ्नो मुद्दाको फैसला गरिनुपर्ने छ लाई उक्त कार्य कानूनद्वारा स्थापित, क्षेत्राधिकार भएको, तथा स्वतन्त्र र निष्पक्ष अदालतद्वारा त्यस्तो गराउने अधिकार हुन्छ । अपवादात्म न्यायाधिकरणलाई प्रतिबन्ध गरिएको छ ।
२ देवानी कारवाहीको विषय भएको कुनै व्यक्तिलाई आफनै आवशिय क्षेत्रको अदालतमा आफ्नो मुद्दाको सुनुवाई गर्न पाउने अधिकार हुन्छ । कानूनले अर्को क्षेत्राधिकारको व्यवस्था गर्न सक्नेछ ।
३ अदालती सुनुवाई र फैसलाको घोषणा सार्वजनिक रूपमा घोषणा गरिनेछ । कानूनले अपवादहरूको व्यवस्था गर्न सक्छ ।

**धारा ३१** बन्दी प्रत्यक्षीकरण

१ कुनै व्यक्तिलाई उसको स्वतन्त्रताबाट कानूनद्वारा प्रदत्त अवस्थाहरू तथा आधारहरुमा बाहेक वञ्चित गर्न पाइनेछैन ।
२ आफ्नो स्वतन्त्रतादेखि वञ्चित सबै व्यक्तिहरूले आफुले बुझ्ने भाषामा, आफुलाई पक्राउ गरिनुको कारण र आफनो अधिकारहरूका वारेमा तुरन्त जानकारी पाउने अधिकार राख्छन । त्यस्तो व्यक्तिले आफ्ना अधिकारहरूको अभ्यास गर्ने अवसर पाउनेछ । विशेषत: उनको नजिकको नातेदारहरूलाई जानकारी गराउन पाउने उनको अधिकार हुन्छ ।
३ थुनामा राखिएको हरेक व्यक्तिलाई विना विलम्ब न्यायाधीशको सामु प्रस्तुत गरिनु पर्ने अधिकार हुनेछ र न्यायाधीशले उक्त व्यक्ति थुनामा नै रहनुपर्ने वा रिहाई हुनु पर्ने कुराको निर्णय गर्नेछन । पुर्पक्षपुर्व थुनामा राखीएको जुनसुकै व्यक्तिलाई समुचित समयभित्र नै पुर्पक्ष गराई पाउने अधिकार हुन्छ ।
४ पुपर्क्षविना आफ्ना स्वतन्त्रतादेखि वञ्चित प्रत्येक व्यक्तिलाई कुनैपनि समयमा अदालतमा प्रवेश गर्ने अधिकार हुन्छ । अदालतले यथासक्य छिटो त्यस्तो थुना बैधानिक भए-नभएको निर्णय गर्नेछ ।

**धारा ३२** फौजदारी कार्यविधि

१ हरेक व्यक्ति कानून बमोजिम दोषी नठहऱ्याइएसम्म निर्दोष मानिनेछ ।
२ हरेक अभियुक्तले आफुलाई लागेको अभियोगको विस्तृत विवरणसहित यथासक्य छिटो सूचना पाउने अधिकार राख्छ । त्यस्तो व्यक्तिले आफ्नो प्रतिरक्षाको अधिकारको अभ्यास गर्ने अवसर पाउनेछ ।
३ संघीय अदालतले सुरु कारवाही गर्ने र अन्तीम निर्णय गर्ने अदालतको रुपमा गरेको फैसलामा बाहेक हरेक दोषि घोषित व्यक्तिलाई फैसलाको पुनरावलोकन माथिल्लो अदालतद्वारा गराउन पाउने अधिकार हुन्छ ।

**धारा ३३** **निवेदन दिने** अधिकार

१ हरेक व्यक्तिको कुनै पूर्वाग्रह नराखी अख्तीयारवाला समक्ष निवेदन गर्न पाउने अधिकार हुनेछ, त्यस्तो अधिकारको प्रयोगले कुनै असुविधा उत्पन्न हुने छैन ।
२ अख्तियारवालाले निवेदनहरुको वास्ता-विचार गर्नै पर्दछ ।

**धारा ३४** राजनैतिक अधिकारकाहरू

१ राजनैतिक अधिकारको प्रत्याभूति दिइएको छ ।
२ राजनैतिक अधिकारको प्रत्याभूतिले नागरिकद्वारा स्वतन्त्र विचार राख्न पाउने कुराको साथै स्वतन्त्र रुपमा आफनो मताधिकारको प्रयोग गर्न पाउने कुराको संरक्षण गर्छ

**धारा ३५** मौलिक अधिकारको उपभोग

१ मौलिक अधिकारको पालना सम्पूर्ण कानूनी प्रणालीमा गरिनेछ ।
२ राज्यको काम गर्ने जोसुकैले पनि मौलिक अधिकारको सम्मान गर्नै पर्दछ र उक्त अधिकारको पालना गर्न सघाउ पुऱ्याउनु पर्दछ ।
३ अख्तियारवालाले मौलिक अधिकारको सुनिश्चित गर्नु पर्छ साथै यदी त्यो उपयुक्त हुन्छ भने निजि पक्षहरुको सम्बन्धमा पनि यो कुरो लागु हुन्छ ।

**धारा ३६** मौलिक अधिकारमा बन्देज

[१] मौलिक अधिकारमा कुनैपनि बन्देज लागु गर्न कानूनी आधार आवश्यक हुनेछ । गम्भीर बन्देज ऐनव्दारा लागु गरिएको हुनु पर्छ । स्पष्ट तथा तत्काल खतरा हुन सक्ने तथा अन्य तरिकाले वचाउ गर्न नसकिने अवस्था लाई उन्मुक्ति प्रदान गरिएको छ ।
[२] कुनै पनि मौलिक अधिकारमा बन्देजको कारण  सार्वजनिक हित वा अन्य व्यक्तिहरूको मौलिक अधिकारको संरक्षणको औचित्यको लागि मात्र हुन सक्छ ।
[३] मौलिक अधिकारमा बन्देज त्यसबाट हासिल गरिने लक्ष्यहरूसँग आनुपातिक हुनुपर्दछ ।
[४] मौलिक अधिकारको सार-तत्व अनुल्लंघनीय छ ।

**शिर्षक २ : नागरिकता तथा राजैतिक अधिकार**

**धारा ३७** नागरिकता

[१] जो व्यक्तिसंग नगरपालिका वा र प्रान्तको नागरिकता छ, उ स्विस नागरिक हुनेछ ।
[२] कुनै पनि व्यक्तिले आफ्नो नागरिक अधिकारको कारणले गर्दा कुनै विशेष सुविधा वा असुविधा पाउने छैन । यदी प्रान्तको कानूनले अन्यथा व्यवस्था गरेको छैन भने यसको अपवादको रुपमा संस्थानहरु र आफनो समुदायभित्रको राजनैतिक अधिकारको साथै  त्यस्ताको सम्पत्तिमा हुने भागको विषय हुन सक्छन ।

**धार ३८** नागरिकताको प्राप्ति तथा समाप्ती

[१] स्विस महासंघले वंश, विवाह र धर्मपुत्रको माध्यमद्वारा नागरिकता प्राप्ति तथा समाप्तीको नियमन गर्नेछ । त्यसका साथै यसले अन्य कारणहरूले गर्दा स्विस नागरिकता समाप्त हुने र त्यसको पुनर्प्राप्तिको नियमनको पनि व्यवस्था गर्नेछ।
[२] स्विस महासंघले प्रान्तहरूद्वारा गरिने विदेशीहरूको अंगीकरणका लागि न्यूनतम आवश्यताहरू तोक्नेछ, र अंगीकरणको अनुमति प्रदान गर्नेछ ।
[३] यसले कुनैपनि देशको नागरिक नभएका बालबालिकाका निम्ति अंगीकरण सहज बनाउने छ ।

**धारा ३९** राजनैतिक अधिकारको प्रचलन

[१] स्विस महासंघले संघीय मामलाहरूमा राजनैतिक अधिकारहरूको प्रचलनलाई नियमीत गर्नेछ; प्रान्तहरूले प्रान्तीय तथा नगरीय मामलाहरूमा यी अधिकारहरूको प्रचलनको नियमन गर्नेछन् ।
[२] राजनैतिक अधिकारहरूको प्रचलन आफनो बसोबासभएको ठाउँमा गरिनेछ । स्विस महासंघ र प्रान्तहरूले अपवादहरूको व्यवस्था गर्न सक्नेछन् ।
[३] कुनैपनि व्यक्तिले एकभन्दा बढी प्रान्तमा राजनैतिक अधिकारको प्रयोग गर्न पाउने छैन ।
[४] प्रान्तहरूले निवासीहरूलाई आफनो क्षेत्रमा बसोबास गरेको तिन महिनाको अविध पुरा गरेपछीमात्र प्रान्तीय तथा नगरीय मामलाहरूमा राजनैतिक अधिकारको प्रयोग गर्न दिन सक्नेछन् ।

**धारा ४०** विदेशमा बसोबास गरेका स्विस नागरिकहरू

१ स्विस महासंघले विदेशमा बसोबास गरेका स्विस नागरिकहरू र उनीहरूको स्विटजरल्याण्डसँगको सम्बन्धलाई समर्थन गर्छ । यस उद्देश्य हासिल गर्ने प्रयत्न गरेका संघसंस्थाहरूलाई महासंघले सहयोग गर्न सक्नेछ ।
२ स्विस महासंघले विदेशमा बसोबास गरेका स्विस नागरिकहरूका अधिकारहरू तथा कर्तव्यहरूका वारेमा , विशेषत: संघीय तहमा राजनैतिक अधिकारको प्रयोगको बारे, सैनिक वा वैकल्पिक सेवा प्रदान गर्नुपर्ने कर्तव्यका वारेमा, लोक कल्याण र र सामाजिक सुरक्षाका वारेमाकानून बनाउनेछ ।

**शिर्षक ३ : सामाजिक लक्ष्यहरू**

**धारा ४१**

[१] स्विस महासंघ र प्रान्तहरूले, व्यक्तिगत जिम्मेवारी तथा निजी तत्परताको अलवा, यी कुराहरूको सुनिश्चित गर्न यथासक्य प्रयत्न गर्ने छन्,

क) हरेक व्यक्तिले सामाजिक सुरक्षाको लाभ पाउनेछ,

ख) हरेक व्यक्तिले आवश्यक स्वास्थ्य सेवा पाउनेछ ;

ग) परिवारलाई वयस्क तथा बालबालिकाहरुको समुदायको रूपमा संरक्षित र प्रोत्साहित गरिनेछ ;

घ) कामदारहरुले उपयुक्त वातावरणमा काम गरी आफ्नो जीविकोपार्जन गर्नेछन ;

ङ) बसोबास गर्न चाहने हरेक व्यक्तिले आफू तथा आफ्नो परिवारको निम्ति मुनासिब अवस्थाको उपयुक्त आवास पाउनेछ।

च) बालबालिका तथा किशोर र काम गर्ने उमेर भएका मानिसहरुले आ-आफ्ना क्षमताहरू मुताविक शिक्षा तथा तालिमहरु प्राप्त गरिरहन पाउनेछन् ;

छ) बालबालिका तथा किशोरहरुलाई आत्मनिर्भर र सामाजिकरूपमा जिम्मेवार व्यक्तिका रुपमा विकास गर्नका निम्ति प्रोत्साहन गरिनेछ, र उनीहरूको सामाजिक, सांस्कृतिक, तथा राजनैतिक एकिकरणमा उनीहरूलाई मद्दत पुऱ्याइनेछ ।

[२] स्विस महासंघ तथा प्रान्तहरूले वृद्धावस्था, असक्षमता, विरामी, दुर्घटना, बेरोजगारी, सुत्केरी अवस्था, अनाथ अवस्था, तथा विधवा अवस्था हुँदा आइपर्ने आर्थिक परिणामहरूको विरुद्ध हरेक व्यक्ति सुरक्षित भएको तथ्यको सुनिश्चित गर्न यथासक्य प्रयत्न गर्नेछन् ।
[३] उनीहरूले आफ्ना संवैधानिक क्षमताभित्र रहेर र आफूहरूसँग उपलब्ध स्रोतसाधनहरू प्रयोग गरेर सामाजिक लक्ष्यहरू हासिल गर्न प्रयत्न गर्नेछन् ।
[४] सामाजिक लक्ष्यहरूबाट कुनैपनि व्यक्तिगत फाइदा राज्य अनुदानबाट पाउनु पर्ने प्रत्यक्ष दावि गर्न पाइने छैन ।

**शिर्षक ३: स्विस महासंघ , प्रान्तहरू, तथा नगरपालिकाहरू**

**महल १: स्विस महासंघ तथा प्रान्तहरूबीचको सम्बन्ध**

**दफा १: स्विस महासंघ तथा प्रान्तहरूका कार्यभारहरू**

**धारा ४२** स्विस महासंघका कार्यभारहरू

[१] स्विस महासंघले संविधानले तोकेका कार्यभारहरू सम्पन्न गर्नेछ ।
[२] यसले एकरुपताकासाथ व्यवस्थापन हुनेगरी कार्यभारहरू सम्पादन गर्नेछ ।

**धारा ४३** प्रान्तहरूका कार्यभारहरू

प्रान्तहरूले आफ्ना क्षमताको संरचनामा रही सम्पन्न गर्नु पर्ने कार्यभारहरूको परिभाषा गर्नेछन् र तिनलाई सम्पादन गर्नेछन् ।

**दफा २: स्विस महासंघ तथा प्रान्तहरूबीचको सरसहयोग**

**धारा ४४** सिद्धान्तहरू

[१] स्विस महासंघ तथा प्रान्तहरूले मिलेर काम गर्नेछन्, र आफ्ना कार्यभारहरू सम्पन्न गर्न एक-अर्कालाई सहयोग गर्नेछन् ।
[२] उनीहरूले एकअर्का प्रति कृतज्ञ भइ पारस्परिक वास्ता र सहयोग गर्नेछन । उनीहरूले परस्पर प्रशासकीय तथा न्यायिक सहयोग प्रदान गर्नेछन् ।
[३] प्रान्तहरूबीच, वा प्रान्तहरू, र स्विस महासंघ बीचका विवादहरुलाई, सम्भव भएसम्म, वार्ता वा मेलमिलाप द्वारा समाधान गरिनेछ ।

**धारा ४५** संघीय निर्णयमा सहभागिता

[१] संघीय संविधानद्वारा व्यवस्था भए बमोजिम, प्रान्तहरूले संघीय तहमा, विशेषगरी संघीय कानून सम्बन्धी निर्णय प्रक्रियामा भाग लिनेछन् , ।
[२] स्विस महासंघले प्रान्तहरूलाई आफ्ना आयोजनाहरूका वारेमा समयमै विस्तृतरूपमा जानकारी गराउनेछ; र त्यस्ता आयोजनामा उनीहरूका सरोकारका विषयहरू भएमा प्रान्तहरुसँग परामर्श लिनेछ ।

**धारा ४६** संघीय कानूनको कार्यान्वयन

[१] प्रान्तहरूले संविधान तथा कानूनसँग मेलखाने गरी संघीय कानूनहरुको कार्यान्वयन गर्नेछन् ।
[२] स्विस महासंघले प्रान्तहरूलाई कार्य गर्नका निम्ति सम्भव भएसम्म बढी क्षेत्र प्रदान गर्नेछ र उनीहरूका विशिष्टताहरुलाई ध्यानमा राख्नेछ ।
[३] स्विस महासंघले प्रान्तहरूका निम्ति पर्याप्त आर्थिक स्रोतहरू छोडिदिएर, र बराबर आर्थिक बाँडफाँडको सुनिश्चित गरेर संघीय कानून कार्यान्वयन गर्न लाग्ने आर्थिक बोझ बोकिदिनेछ ।

**धारा ४७** प्रान्तहरूको स्वायत्तता

स्विस महासंघले प्रान्तहरूको स्वायत्तताको संरक्षण गर्नेछ ।

**धारा ४८** अन्तरप्रान्तीय सन्धिहरू

[१] प्रान्तहरूले अन्तरप्रान्तीय सन्धिहरू गर्न सक्नेछन्, र साझा संस्था तथा संस्थानहरूको स्थापना गर्न सक्नेछन् । उनीहरूले, विशेषतः, क्षेत्रिय हितका कार्यहरू गर्न साझा कार्य गर्न सक्नेछन ।
[२] स्विस महासंघले आफ्नो क्षमताको सिमाभित्र रही त्यस्ता संघसंस्थाहरू वा संस्थानहरूमा भाग लिन सक्नेछ ।
[३] अन्तरप्रान्तीय सम्झौताहरू कानून वा स्विस महासंघ को हितहरू र अन्य प्रान्तहरुको अधिकारको विपरित हुनुहुँदैन । त्यस्ता सम्झौताहरूको वारेमा स्विस महासंघलाई जानकारी गराएको हुनुपर्नेछ ।

**धारा ४९** संघीय कानूनको सर्वोच्चता तथा पालना

[1] संघीय कानूनको विपरीत भएको प्रान्तीय कानून उपर प्रान्तिय कानूनले नै मान्यता पाउंनेछ ।
[2] स्विस महासंघले प्रान्तहरूले संघीय कानूनलाई पालना गर्ने कुराको सुनिश्चिय गर्नेछ ।

**दफा ३:** **नगरपालिकाहरू**

**धारा ५०**

[1] नगरपालीकाहरूको स्वायत्तता प्रान्तीय कानूनले निर्धारण गरेको सिमासम्म प्रत्याभूत गरिएकोछ ।
[2] आफ्नो कार्यहरु सम्पादन गर्दा , स्विस महासंघले त्यस्ता कार्यले नगरपालीकाहरू उपर पर्न सक्ने परिणामहरूलाई ध्यानमा राख्नेछ ।
[3] विशेषत: यसले महानगरहरु, समूहहरू, र पहाडी प्रदेशहरूको विशेष अवस्थालाई ध्यानमा राख्नेछ ।

**दफा ४:** **संघीय प्रत्यभूतिहरू**

**धारा ५१** प्रान्तीय विधानहरू

[1] हरेक प्रान्तले एउटा प्रजातान्त्रिक संविधान अंगिकार गर्नेछ । उक्त प्रान्तीय संविधानलाई जनताले अनुमोदन गरेको हुनुपर्नेछ, र त्यस्तो संविधान बहुसंख्यक जनताले आवश्यक ठहराएमा संशोधन गर्नै पर्ने हुनु पर्छ ॥
[2]प्रान्तीय विधानहरूले स्विस महासंघद्वारा प्रत्याभूति लिइएकै हुनुपर्नेछ । स्विस महासंघले , यदि ती विधानहरू संघीय कानूनको विपरित नभएमा, त्यस्तो प्रत्याभूति प्रदान गर्नेछ ।

**धारा ५२** संवैधानिक आदेश

[1] स्विस महासंघले प्रान्तहरूको संवैधानिक आदेशको संरक्षण गर्नेछ ।
[2] स्विस महासंघले कुनै एउटा प्रान्तको आन्तरिक व्यवस्थामा खलल पुगेको वा पुग्ने खतरा भएको र त्यसको नियन्त्रण गर्न उक्त प्रान्त आफै वा अन्य प्रान्तहरूको सहयोगमा असमर्थ भएको खण्डमा हस्तक्षेप गर्नेछ ।

**धारा ५३** प्रान्तहरूको अस्तित्व तथा भू-भाग

[1] स्विस महासंघले प्रान्तहरूको अस्तित्व तथा भू-भागको संरक्षण गर्नेछ ।
[2] प्रान्तहरूको संख्याको वा उनीहरूको स्थानको हेरफेर गर्ने कार्य उक्त ठाउँमा बसोबास गर्ने बासिन्दाहरू, सम्बन्धित प्रान्तहरू, र जनता तथा प्रान्तहरूको मञ्जुरीबाट हुन सक्नेछ ।
[3] कुनै एउटा प्रान्तको भू-भागको हेरफेर गर्ने कार्य उक्त ठाउँमा बसोबास गर्ने बासिन्दाहरूको स्वीकृतिमा, सम्बन्धित प्रान्तहरूको स्वीकृतिमा, र संघीय संसदले संघीय आदेशको रूपमा स्वीकृति जारी गरेमा हुन सक्नेछ ।
[4] अन्तरप्रान्तीय सीमा व्यवस्थापन सम्बन्धित प्रान्तहरूबीचको सम्झौताद्वारा गर्न सकिनेछ ।

**महल २: अधिकारहरू**

**दफा १: विदेशी राष्ट्रहरूसँगको सम्बन्ध**

**धारा ५४** बैदेशिक सम्बन्ध

[१] वैदेशिक सम्बन्ध संघीय विषय हुन् ।
[२] स्विस महासंघले स्विटजरल्याण्डको स्वाधीनता तथा यसको हितलाई संरक्षण गर्न हर संभव प्रयत्न गर्नेछ ; यसले, विशेषतः, संसारमा अभाव तथा गरिबी कम गराउन, र मानव अधिकारको सम्मान, प्रजातन्त्र, राष्ट्रहरूको शान्तिपूर्ण सह-अस्तित्वको प्रवर्धन गर्न, र प्राकृतिक स्रोतसाधनहरूको संरक्षण गर्न योगदान पुऱ्याउनेछ ।
[३] यसले प्रान्तहरूका अधिकारहरूलाई ध्यानमा राख्नेछ, र उनीहरूको हितको संरक्षण गर्नेछ ।

**धारा ५५** बैदेशिक नीतिको निर्णयमा प्रान्तहरूको सहभागिता

[१] प्रान्तहरूले आफ्ना अधिकारहरू वा उनीहरूका अति आवश्यक हितको विषयहरू भएको अवस्थामा विदेश नीति तर्जुमा गर्दा भाग लिनेछन् ।
[२] स्विस महासंघले प्रान्तहरूलाई उचित समयमा र पुर्ण विवरणसहित जानकारी गराउने छ, र उनीहरूको परामर्श लिनेछ ।
[३] प्रान्तहरूको अधिकारहरू संग सरोकार भएको विषयमा प्रान्तको विशेष महत्त्वको हुनेछ । यस्ता अवस्थाहरूमा, प्रान्तहरूले उपयुक्त भएको अवस्थामा अन्तर्राष्ट्रिय वार्ताहरुमा भाग लिनेछन् ।

**धारा ५६** **प्रान्तहरू तथा विदेशी देशहरूबीचको सम्बन्ध**

[१] प्रान्तहरूले आफ्ना अधिकारको सिमाभित्र रही विदेशी राष्ट्रहरुसँग सम्झौताहरू गर्न सक्नेछन् ।
[२] यस्ता सम्झौताहरू कानून पा स्वीस महासंघको हित विपरित वा अन्य प्रान्तहरूका कानूनहरूका विपरित हुनु हुने छैन । सम्झौता गर्नुअघि, प्रान्तहरूले स्विस महासंघलाई जानकारी दिनु पर्नेछ ।
[३] प्रान्तहरूले तल्लो तहका विदेशी अधिकारीहरु सँग सोझै व्यवहार गर्न सक्नेछन् ; अन्य अवस्थाहरूमा भने, प्रान्तहरूको हकमा स्विस महासंघले विदेशी राष्ट्रहरुसंग सम्बन्ध स्थापित गर्नेछ ।

## दफा २: सुरक्षा, राष्ट्रिय तथा नागरिक प्रतिरक्षा

**धारा ५७** सुरक्षा

[१] स्विस महासंघ र प्रान्तहरूले, आ-आफ्ना अधिकारहरूको संरचनाभित्र रही, देशको सुरक्षा तथा जनताको संरक्षण सुनिश्चित गर्नेछन् ।
[२] उनीहरूले आन्तरिक सुरक्षाको विषयमा आफ्ना प्रयत्नहरूलाई परस्पर समन्वय गर्नेछन् ।

**धारा ५८** सेना

[१] स्विटजरल्याण्डको एउटा सेना रहनेछ । उक्त सेनालाई सिद्धान्ततः, एउटा नागरिक सेना (मिलिशिया) को रूपमा संगठित गरिनेछ ।
[२] सेनाले युद्ध रोक्न तथा शान्ति कायम राख्नका निम्ति योगदान पुऱ्याउने छ ; यसले देशको प्रतिरक्षा गर्नेछ र जनताको संरक्षण गर्नेछ । आन्तरिक सुरक्षामा आउनलागेका गम्भिर खतराहरू हटाउनै पर्ने स्थितिमा वा अन्य असामान्य परिस्थितिहरूलाई नियन्त्रण गर्नुपर्ने अवस्थामा सेनाले निजामती अधिकारीहरुलाई सहयोग गर्नेछ । सेनाका अन्य कार्यहरू निम्ति कानूनले व्यवस्थित गर्न सकिनेछ ।

[३] सेनाको प्रयोग एउटा संघीय विषय हो । प्रान्तहरूले, आन्तरिक सुरक्षामा आउनलागेका गम्भीर खतराहरू हटाउन निजामती अधिकारीहरुका स्रोतसाधनहरू पर्याप्त नभएको अवस्थामा, आफ्ना भू-भागमा सार्वजनिक सुव्यवस्था कायम गराउनका निम्ति आफ्ना सैन्यदललाई प्रयोग गर्न सक्नेछन् ।

**धारा ५९** सैनिक तथा वैकल्पिक सेवा

[१] हरेक स्विस पुरुषले सैनिक सेवा गर्नै पर्नेछ । कानूनले वैकल्पिक सेवाको व्यवस्था गरेकोछ ।
[२] स्विस महिलाहरूका निम्ति, सैनिक सेवा स्वेच्छिक हुनेछ ।
[३] सैनिक सेवा वा वैकल्पिक सेवा नगर्ने स्विस पुरुषहरूले थप कर तिर्नु पर्नेछ । स्विस महासंघ त्यस्तो कर लगाइनेछ र प्रान्तहरूद्वारा **त्यस्तो** करको निर्धारण र असूली गरिनेछ ।
[४] सैनिक सेवामा रहेका व्यक्तिहरुको आयमा परेको घाटाको लागी स्वीस महासंघले उचित क्षतिपूर्ति सम्बन्धी कानून बनाउन सक्नेछ ।
[५] सैनिक वा वैकल्पिक सेवा गर्दा स्वास्थ्यमा हानि पुगेका वा जीवन गुमाएका व्यक्तिहरूको, आफ्नै वा उनीहरूका नातेदारहरूका निम्ति स्विस महासंघव्दारा पर्याप्त सहयोग पाउनु उनीहरूको अधिकार हुनेछ ।

**धारा ६०** सेनाको संगठन, निर्देशन, र उपकरण

[१] सैनिक तथा संगठन, निर्देशन, तथा सैनिक उपकरण सम्बन्धी कानून बनाउने कार्य, एउटा संघीय विषय हो । ।
[२] संघीय कानूनको सीमाभित्र रहेर, प्रान्तहरूको प्रान्तीय सैन्यदलहरू गठन गर्ने, त्यस्ता दलहरूमा अधिकारीहरूलाई नियुक्ति दिने तथा पदोन्नति गर्ने, र उनीहरूलाई पोशाक तथा तथा उपकरणले सुसज्जित पार्ने अधिकार हुनेछ ।
[३] स्विस महासंघले प्रान्तहरूका सैनिक अखडाहरूलाई उचित क्षतिपूर्ति दिई आफ्नो नियन्त्रणमा लिन सक्नेछ ।

**धारा ६१** नागरिक प्रतिरक्षा

[१] नागरिक प्रतिरक्षा सम्बन्धी कानून एउटा संघीय विषय हो ; नागरिक प्रतिरक्षाको उद्देश्य सशस्त्र द्वन्द्वले निम्त्याउने परिणामहरूको विरुद्ध मानिसहरू तथा धन-सम्पत्तिको रक्षा गर्नु हो ।
[२] स्विस संगठनले संकट तथा आपत्कालीन अवस्थाहरूमा नागरिक प्रतिरक्षाका लागि हस्तक्षेप सम्बन्धी कानून बनाउन सक्नेछ ।
[३] स्विस संगठनले पुरुषहरूका निम्ति नागरिक प्रतिरक्षा सेवा अनिवार्य गराउन सक्नेछ । महिलाहरूका निम्ति, यो स्वेच्छिक हुनेछ ।
[४] नागरीक प्रतिरक्षामा खटाइएका व्यक्तिहरुको आयमा परेको घाटाको लागी स्वीस महासंघले उचित क्षतिपूर्ति सम्बन्धी कानून बनाउन सक्नेछ । ।
[५] नागरिक प्रतिरक्षा सेवा गर्दा स्वास्थ्यमा हानि पुगेका वा जीवन गुमाएका व्यक्तिहरूको, आफ्नै वा उनीहरूका नातेदारहरूका निम्ति स्विस संगठनद्वारा पर्याप्त सहयोग पाउनु उनीहरूको अधिकार हुनेछ ।

**दफा ३: शिक्षा, अनुसन्धान, तथा संस्कृति**

**धारा ६२** शिक्षा

[१] शिक्षा एउटा प्रान्तीय विषय हो ।

[२] प्रान्तहरूले सबै बालबालिकाका लागि पर्याप्त प्राथमिक शिक्षाको सुनिश्चित गर्नेछन् । यो शिक्षा अनिवार्य हुनेछ, र राज्यको निर्देशन र सुपरीवेक्षणमा राखिने छ । यो सार्वजनिक विद्यालयहरूमा नि:शुल्क उपलव्ध हुनेछ । शैक्षिक वर्ष मध्य-अगस्त तथा मध्य-सेप्टेम्बर महिनाको बीचमा सुरु हुनेछ ।

**धारा ६३** व्यावसायिक शिक्षा तथा विश्वविद्यालयहरू

[१] स्विस महासंघले व्यावसायिक शिक्षा सम्बन्धी कानून बनाउनेछ।
[२] यसले प्राविधिक विश्वविद्यालयहरू संचालन गर्नेछ । यसले प्राविधिक विश्वविद्यालयहरू तथा उच्च शिक्षा प्रदान गर्ने प्रतिष्ठानहरू स्थापना गर्न, संचालन गर्न वा अन्य विश्वविद्यालयहरू तथा उच्च शिक्षा प्रदान गर्ने प्रतिष्ठानहरूलाई सहयोग गर्न सक्नेछ । यसले समन्वयगरी गरेपछि आफ्नो सहयोगलाई शशर्त बनाउन सक्नेछ ।

**धारा ६४** अनुसन्धान

[१] स्विस महासंघले बैज्ञानिक अनुसन्धानलाई प्रोत्साहन दिनेछ ।
[२] यसले आफ्नो सहयोगलाई, विशेषत: समन्वयात्मक कार्यहरू गरेपछि, शशर्त बनाउन सक्नेछ ।
[३] यसले अनसन्धान संस्थानहरु स्थापना गर्न, जिम्मामा लिन , वा संचालन गर्न सक्नेछ ।

**धारा ६५** तथ्याङ्क

[१] स्विस महासंघले स्विटजरल्याण्डको जनसंख्या, अर्थव्यवस्था, समाज, भू-भाग, तथा वातावरणको स्थिति तथा क्रमिक विकास सम्बन्धी आवश्यक परिगणनात्मक तथ्याङ्क संकलन गर्नेछ ।
[२] तथ्याङ्क संकलन गर्ने कार्यलाई सहज बनाउनका निम्ति, यसले आधिकारिक रजिस्टरहरू राख्नुपर्ने र तिनमा सामञ्जस्य हुनुपर्ने सम्बन्धी कानून बनाउन सक्नेछ ।

**धारा ६६** शिक्षामा सहयोग

[१] स्विसमहासंघले प्रान्तहरूलाई छात्रवृत्ति र शिक्षालाई आवश्यक पर्ने अन्य सहयोगका निम्ति आर्थिक अनुदान प्रदान गर्न सक्नेछ ।
[२] यसले, त्यसका अलवा, विद्यालय सम्बन्धी विषयहरूमा प्रान्तीय स्वायत्ततालाई सम्मान गर्दै प्रान्तीय कार्यक्रमलाई पूर्ण बनाउन सहयोग गर्नेछ र शिक्षालाई प्रोत्साहन गर्नका निम्ति आफ्नै कार्यक्रमहरू पनि ल्याउन सक्नेछ ।

**धारा ६७** युवायुवती तथा वयस्कहरूका लागि शिक्षा

[१] स्विस महासंघ तथा प्रान्तहरूले, आफ्ना कार्यभारहरू पूरा गर्दा, विकास तथा संरक्षणका निम्ति बालबालिका तथा युवायुवतीका विशेष आवश्यकताहरूलाई ध्यानमा राख्नेछन् ।
[२] स्विस महासंघले प्रान्तीय कार्यक्रमहरूलाई पूर्ण बनाउन सहयोग गर्न सक्नुका साथसाथै बालबालिका तथा युवायुवतीका लागि पाठ्यक्रमबाहेकका क्रियाकलापहरू तथा वयस्कहरूका शिक्षाका निम्ति सहयोग पुऱ्याउन सक्नेछ ।

**धारा ६८** खेल

[१] स्विस महासंघले खेलको, विशेषत: खेल शिक्षाको प्रवर्धन गर्नेछ ।
[२] यसले खेल विद्यालय संचालन गर्नेछ ।
[३] यसले युवा खेल सम्बन्धी कानून बनाउन सक्नेछ, र विद्यालयहरूमा खेल शिक्षालाई अनिवार्य बनाउन सक्नेछ ।

**धारा ६९** संस्कृति

[१] संस्कृतिको क्षेत्र एउटा प्रान्तीय विषय हो।
[२] स्विस महासंघले राष्ट्रिय हितका सांस्कृतिक क्रियाकलापहरूलाई सहयोग गर्न सक्नेछ , र कला तथा संगीतलाई प्रोत्साहन गर्न सक्नेछ, विशेषत: शिक्षाको क्षेत्रमा।
[३] आफ्ना कार्यहरू सम्पादन गर्दा, यसले देशको सांस्कृतिक तथा भाषीक विविधतालाई ध्यानमा राख्नेछ ।

**धारा ७०** भाषाहरू

[१] स्विस महासंघका आधिकारिक भाषाहरू जर्मन, फ्रेन्च, र इटालियन हुन् । आफ्नो भाषा नै रोमान्श भएका व्यक्तिहरूसँगको संवादमा गर्दा रोमान्श आधिकारिक भाषा हुनेछ ।
[२] प्रान्तहरूले आफ्ना आधिकारिक भाषाहरू तोक्नेछन् । भाषीक समुदायहरूबीचको सामञ्जस्यतालाई संरक्षण गर्न, उनीहरूले परम्परागत भू-भागीय भाषाहरूको विभाजनलाई सम्मान गर्नेछन्, र आदिवासी भाषा बोल्ने अल्पसंख्यक वर्गहरूलाई ध्यानमा राख्नेछन् ।
[३] स्विस महासंघ तथा प्रान्तहरूले भाषीक समुदायबीचको आदान प्रदान तथा समझदारी लाई प्रोत्साहन दिनेछन् ।
[४] स्विस महासंघले बहुभाषीक प्रान्तहरूलाई उनीहरूका विशेष कार्यभारहरू पूरा गर्न सहयोग गर्नेछ ।
[५] स्विस महासंघले ग्रिसन्स तथा टिसिनोद्वारा रोमान्श तथा इटालियन भाषाहरूलाई कायम राख्न तथा प्रवर्धन गर्न अपनाइएका कार्यक्रमहरूलाई सहयोग गर्नेछ ।

**धारा ७१** चलचित्र

[१] स्विस महासंघले साधारणतया स्विस चलचित्र उत्पादन तथा स्विस चलचित्र संस्कृतिलाई प्रोत्साहन दिनेछ ।
[२] यसले प्रस्तावित चलचित्रकला सम्बन्धी उत्पादनहरूको विविधता तथा गुणस्तरलाई प्रोत्साहन गर्न कानून बनाउन सक्नेछ ।

**धारा ७२** चर्च तथा राज्य

[१] चर्च तथा राज्यबीचको सम्बन्धको व्यवस्थापन एउटा प्रान्तीय विषय हो ।
[२] स्विस महासंघ तथा प्रान्तहरूले, आफ्ना अधिकारक्षेत्रहरूभित्र रही, विभिन्न धार्मिक समूहहरूबीचको सार्वजनिक शान्ति कायम गर्न आवश्यक कारवाही गर्न सक्नेछन् ।

## दफा ४: वातावरण तथा क्षेत्र प्रयोग सम्बन्धी निर्णय

**धारा ७३** दिगो विकास

स्विस महासंघ तथा प्रान्तहरूले प्रकृति, विशेषत: प्रकृतिको आफै नविकरण हुनसक्ने क्षमता, र मानिसद्वारा गरिने यसको प्रयोगबीच एउटा दिगो सन्तुलन स्थापना गर्न हर प्रयत्न गर्नेछन् ।

**धारा ७४** वातावरण संरक्षण

[१] स्विस महासंघले मानव तथा प्राकृतिक वातावरणलाई हुनसक्ने हानि तथा बाधादेखि जोगाउनका निम्ति कानून बनाउन सक्नेछ ।

२ यसले त्यस्ता प्रभावहरू निराकरण गर्ने कार्यको सुनिश्चित गर्नेछ । प्रदुषण गराउने तत्वहरूले (= व्यक्ति आदि हरूले), प्रदुषण स्थानान्तरण गर्न तथा निराकरण गर्न लाग्ने खर्च व्यहोर्नु पर्नेछ ।
३ संघीय नियमहरूलाई, कानूनले स्विस महासंघका निम्ति आरक्षण नगरेको भएमा, प्रान्तहरूद्वारा ती कार्यान्वयन गरिनेछन् ।

**धारा ७५** भूमि प्रयोगसम्बन्धी निर्णय

१ स्विस महासंघले भूमि प्रयोगसम्बन्धी सिद्धान्तहरू लागू गर्नेछ । भूमि प्रयोगसम्बन्धीको निर्णय गर्ने कार्य प्रान्तहरूको अधिकार अन्तर्गत पर्दछ, र जमिनको उचित तथा जायज प्रयोग र त्यहाँ भएको सुव्यवस्थालाई जोगाइराख्न त्यो निर्णयले सहयोग पुऱ्याउनेछ ।
२ स्विस महासंघले प्रान्तहरूका प्रयत्नहरूलाई प्रोत्साहन तथा समन्वय गर्नेछ, र उनीहरूसँग मिलेर काम गर्नेछ ।
३ आफ्ना कार्यहरू पूरा गर्ने क्रममा, स्विस महासंघ तथा प्रान्तहरूले भूमि प्रयोगसम्बन्धीका आवश्यकताहरूलाई ध्यानमा राख्नेछन् ।

**धारा ७६** जल

१ आफ्नो अधिकारको सीमाभित्र रही, स्विस महासंघले जलस्रोतको उचित प्रयोग तथा संरक्षणको सुनिश्चित गर्नेछ, र जलउत्पन्न हानिलाई रोक्नेछ ।
२ यसले जलभण्डारको संरक्षण तथा प्रयोग सम्बन्धी, उर्जा उत्पादनका लागि जलको प्रयोग तथा चिसो बनाउने उद्देश्यको निम्ति, र अन्य जलचक्र हस्तक्षेपहरू सम्बन्धी सिद्धान्तहरू लागू गर्नेछ ।
३ यसले जल संरक्षण, पर्याप्त अवशिष्ट जल प्राप्त गर्ने कार्य, जलीय इन्जिनियरिङ्ग, बाँध सुरक्षा तथा अवक्षेपण प्रभावलाई हस्तक्षेप सम्बन्धी कानून बनाउनेछ ।
४ प्रान्तहरूले आफ्ना जलस्रोतहरू प्रयोग गर्नेछन् । संघीय कानूनको सिमाभित्र रहेर, जल प्रयोग गरेवापत शुल्क लिन सक्नेछन् । स्विस महासंघको आफ्नो वाणिज्य उद्यमहरूका निम्ति पानी प्रयोग गर्न पाउने अधिकार हुनेछ ; यसका निम्ति उसले शुल्क तथा क्षतिपूर्ति तिर्नेछ ।
५ अन्तर्राष्ट्रिय पानी स्रोत तथा तीसँग सम्बन्धित शूल्क सम्बन्धी अधिकारका वारेमा, स्विस महासंघले सम्बन्धित प्रान्तहरूसँग परामर्श लिई निर्णय गर्नेछ । यदि सम्बन्धित प्रान्तहरू अन्तरप्रान्तीय जलभण्डार सम्बन्धी अधिकारहरूमा सहमति हुन नसकेमा, स्विस महासंघले निर्णय गर्नेछ ।
६ आफ्ना कार्यहरू पूरा गर्ने क्रममा, स्विस महासंघले पानीका मुहानहरू भएका प्रान्तहरूको सरोकारलाई ध्यानमा राख्नेछ ।

**धारा ७७** वन

१ स्विस महासंघले वनले आफ्ना सुरक्षात्मक, आर्थिक तथा सामाजिक कार्यहरू पूरा गर्ने सुनिश्चित गर्नेछ ।
२ यसले वनहरुको संरक्षणको निमित्त सिद्धान्तहरू निर्माण गर्नेछ ।
३ यसले वन संरक्षणका निम्ती गरिए अपनाइएका क्रियाकलापहरूलाई प्रोत्साहन गर्नेछ ।

**धारा ७८** प्रकृति तथा सांस्कृतिक सम्पदा

१ प्रकृति तथा सांस्कृतिक सम्पदाको संरक्षण एउटा प्रान्तीय विषय हो ।
२ आफ्ना कार्यहरू पूरा गर्ने क्रममा, स्विस महासंघले प्रकृति तथा सांस्कृतिक सम्पदाको संरक्षणका उद्देश्यहरूलाई ध्यानमा राख्नेछ । यसले प्राकृतिक दृष्य, स्थलहरू, ऐतिहासिक महत्त्व बोकेका ठाउँहरू, तथा प्राकृतिक र सांस्कृतिक स्मारकहरूको संरक्षण गर्नेछ ; यसले तिनीहरूलाई सार्वजनिक हितको लागि जरुरी भएमा जस्ताको तस्तै संरक्षण गर्नेछ ।

३ यसले प्रकृति तथा सांस्कृतिक सम्पदा संरक्षण गर्ने प्रयत्नहरूलाई सहयोग गर्न सक्नेछ, र सम्झौताद्वारा वा अधिग्रहण गरी, राष्ट्रिय महत्त्वका वस्तुहरू प्राप्त गर्न वा संरक्षण गर्न सक्नेछ ।
४ यसले जनावर तथा बोटविरुवाको जीवन संरक्षण गर्न, र तिनीहरूको प्राकृतिक वातावरण तथा बहुविविधतालाई संरक्षण गर्न कानून बनाउन सक्नेछ । यसले लोपोन्मुख जाति-प्रजातिलाई लोप हुनबाट जोगाउने छ ।
५ मैदानहरू तथा सिमसारको विशेष सुन्दरता तथा राष्ट्रिय महत्त्वलाई संरक्षण गरिनेछ । तिनीहरूभएको ठाउँमा कुनैपनि प्रकारको निर्माण गरिनेछैन, र ती जमीनमा कुनै परिवर्तन ल्याइनेछैन । तिनीहरूको संरक्षणको सुनिश्चित गर्ने उद्देश्यले वा विद्यमान कृषि सम्बन्धी प्रयोगको निरन्तरताको सुनिश्चित गर्ने उद्देश्यले भने अपवादस्वरूप निर्माण कार्य गर्न सकिनेछ ।

**धारा ७९** माछा मार्ने क्षेत्र तथा शिकार

स्विस महासंघले माछा मार्ने क्षेत्र तथा शिकार गर्ने सम्बन्धी सिद्धान्तहरू लागू गर्नेछ, विशेषत: माछा, शिकार खेलिने जंगली जनावर, तथा चराहरूको बहुविविधतालाई संरक्षण गर्न ।

**धारा ८०** जनावरको संरक्षण

१ स्विस महासंघले जनावरको संरक्षण सम्बन्धी कानून बनाउने छ ।
२ यसले यी कुराहरूमा नियन्त्रण गर्नेछ:
क) जनावर पालन तथा तिनीहरूको रेखदेख;
ख) जीवित जनावरहरूको परीक्षण तथा हस्तक्षेप ;
ग) जनावरको प्रयोग ;
घ) जनावर तथा पशुजन्य उत्पादनहरूको आयात ;
ङ) जनावर सम्बन्धी व्यापार तथा जनावरको स्थानान्तरण
च) जनावरको हत्या
३ संघीय नियमहरूलाई, कानूनले स्विस महासंघका निम्ति आरक्षण नगरेको भएमा, प्रान्तहरूद्वारा ती कार्यान्वयन गरिनेछन् ।

**दफा ५: सार्वजनिक निर्माण कार्य तथा परिवहन**

**धारा ८१** सार्वजनिक निर्माण कार्य

स्विटजरल्याण्ड वा देशको बृहत् भागको हितका निम्ति, स्विस महासंघले सार्वजनिक निर्माण कार्य गर्न तथा त्यस्ता कार्य संचालन गर्न, वा त्यस्ता कार्यहरूको प्रवर्धन गर्न सक्नेछ ।

**८२** सडक आवागमन

१ स्विस महासंघले सडक आवागमन सम्बन्धी कानून बनाउनेछ ।
२ यसले राष्ट्रिय महत्त्वका सडकहरूलाई उच्च सुपरिवेक्षण गर्नेछ ; यसले कुन पारवहन सडकहरू आवागमनका निम्ति खुला रहनुपर्छ त्यसको निर्धारण गर्नेछ ।
३ सार्वजनिक सडकहरूको प्रयोग नि:शुल्क हुनेछ । संघीय संसद्ले अपवादहरूलाई अधिकार प्रदान गर्न सक्नेछ ।

**धारा ८३** राष्ट्रिय राजमार्गहरू

१ स्विस महासंघले राष्ट्रिय राजमार्गहरूको संजाल निर्माण तथा ती राजमार्गहरूको उपयोगको सुनिश्चित गर्नेछ ।

२ प्रान्तहरूले स्विस महासंघद्वारा स्थापित गरेका नियमहरू अनुसार तथा त्यसको उच्च सुपरिवेक्षण अन्तर्गत आफ्ना राजमार्गहरूको निर्माण तथा मर्मत-सम्भार गर्नेछन् ।
३ स्विस महासंघ तथा प्रान्तहरूले राष्ट्रिय राजमार्गहरूमा लाग्ने खर्च संयुक्तरूपमा बेहोर्नेछन् । हरेक प्रान्तले व्यहोर्नुपर्ने खर्चको विनियोजन राष्ट्रिय राजमार्गहरूका कारणले उनीहरूमा परेको बोझ, उनीहरूको ती राजमार्गहरूप्रतिको सरोकार, तथा तिनीहरूको आर्थिक स्रोतहरूलाई ध्यानमाराखी गरिनेछ ।

**धारा ८४** आल्पीय पारवहन *

१ स्विस महासंघले पारवहन आवागमनका नकारात्मक असरहरूदेखि आल्पीय क्षेत्रहरूलाई संरक्षण गर्नेछ । यसले त्यस्तो आवागमनबाट उत्पन्न हुने बाधालाई मानिसहरू, जनावरहरू, वा बोटविरुवाहरू, वा तिनीहरूको वातावरणलाई हानिकारक नहुने एउटा तहसम्म सीमित गर्नेछ ।
२ सीमा-देखि-सीमा सम्मको पारवहनमा पार-आल्पीय ढुवानी रेलद्वारा गरिनेछ । संघीय सरकारले यसका लागी आवश्यक व्यवस्था मिलाउनेछ । अपरिहार्य भएमा मात्र अपवादहरूलाई अनुमति दिइनेछ । ती अपवादहरू कानूनद्वारा तोकिने छ ।
३ आल्पीय क्षेत्रहरूमा, सहर तथा गाउँहरू भएर जाने आवागमनको चापलाई कम गर्न निर्माण गरिने बाह्यपथ सडकहरूबाहेक, पारवहन सडकहरूको क्षमता वृद्धि नगरिन सक्नेछ ।

**धारा ८५** गह्रौं मालसामान ओसार-पसारमा लाग्ने दस्तूर *

१ स्विस महासंघले इन्जिन शक्ति वा खपतसँग सम्बन्धित गह्रौं मालसामान ओसार-पसारमा दस्तूर लगाउन सक्नेछ । त्यस्तो दस्तूर, गह्रौं मालसामान ओसार-पसार गर्दा लाग्ने सार्वजनिक खर्चहरू अन्य सहयोग वा दस्तूरद्वारा समेटिइएको अवस्थामा मात्र, लगाइन सक्नेछ ।
२ दस्तूरबाट प्राप्त हुने खुद राजस्व सडक आवागमनसँग सम्बन्धित खर्चहरू समेट्नका निम्ति प्रयोग गरिनेछ ।
३ प्रान्तहरूले दस्तूरबाट प्राप्तहुने खुद राजस्वका हिस्साहरू प्राप्त गर्नेछन् । ती हिस्साहरूको पहाडी तथा दुर्गम क्षेत्रहरूमा आउनसक्ने निर्दिष्ट सम्भावित भावी परिणामहरूलाई ध्यानमा राखी हिसाब गरिनेछ ।

**धारा ८६** मोटर इन्धन खपत कर तथा अन्य आवागमन दस्तूरहरू

१ स्विस महासंघले मोटर इन्धनमा खपत कर उठाउन सक्नेछ ।
२ यसले गह्रौं मालसामान ओसार-पसारको दस्तूर नलाग्ने मोटर गाडीहरू तथा ट्रेलरहरूबाट उनीहरूले राष्ट्रिय राजमार्गहरू प्रयोग गरेवापत कर उठाउनेछ ।
३ यसले मोटर इन्धन खपत कर तथा राष्ट्रिय राजमार्ग करबाट उठ्ने खुद राजस्वको आधा भाग निम्न उद्देश्यहरू तथा सडक आवागमनसँग सम्बन्धित खर्चहरूका निम्ति प्रयोग गर्नेछ ;

क) निर्माण, मर्मत-सम्भार, तथा राष्ट्रिय राजमार्गहरूको सञ्चालन गर्न ;
ख) संयुक्त आवागमन तथा साथै रहेका सडक गाडीहरू, वा सडक आवागमनदेखि रेलवे आवागमनलाई भिन्न गर्ने कार्यलाई प्रवर्धन गर्ने व्यवस्था मिलाउन ;
ग) मूल सडकहरूको निर्माण गर्न योगदान पुऱ्याउन ;
घ) राष्ट्रिय तत्त्वहरू विरुद्ध संरक्षण गर्नका निम्ति निर्माण कार्यमा योगदान पुऱ्याउन, तथा सडक आवागमनले गर्दा आवश्यक पर्ने वातावरण तथा प्राकृतिक दृष्यको संरक्षणका निम्ति आवश्यक व्यवस्था मिलाउन ;
ङ) मोटर गाडीहरूका लागि खुला राजमार्गहरूमा प्रान्तहरूले गर्ने लगानीमा सामान्य सहभागिता हुन तथा सडक क्षेत्रमा लाग्ने आर्थिक दस्तूरहरूलाई समीकरण गर्न ;

* अस्थायी व्यवस्था अन्तर्गत
* अस्थायी व्यवस्था अन्तर्गत

च) राष्ट्रिय राजमार्ग नभएका प्रान्तहरू, तथा अन्तर्राष्ट्रिय आवागमनकारूपमा रहेका आल्पीय सडकहरू भएका प्रान्तहरूलाई सहयोग प्रदान गर्न ।
[४] यी माध्यमहरू अपर्याप्त भएको खण्डमा, स्विस महासंघले मोटर इन्धन खपत करमाथि थप कर उठाउनेछ ।

**धारा ८७** रेल आवागमन तथा थप आवागमनका माध्यमहरू [*]

रेल आवागमन, केबुल कारहरूको संचालन, नौ संचालन, उड्डयन, तथा अन्तरिक्ष यात्रा सम्बन्धी कानून एउटा संघीय विषय हो ।

**धारा ८८** पैदलबाटाहरू तथा पदयात्राका लागि पथहरू

[१] स्विस महासंघले पैदलबाटाहरू तथा पदयात्राका लागि पथहरूको सञ्जालसम्बन्धी सिद्धान्तहरू निर्माण गर्नेछ ।
[२] यसले त्यस्ता सञ्जालहरू स्थापित गर्न तथा कायम राख्न, र तिनीहरूबीच सामञ्जस्य गर्न प्रान्तहरूले गर्ने कार्यहरूमा सहयोग गर्नेछ ।
[३] आफ्ना कार्यभारहरू पूरा गर्ने क्रममा, यसले पैदलबाटाहरू तथा पदयात्राका लागि पथहरूबीचको सञ्जालाई ध्यानमा राख्नेछ, र यसले बन्द नै गर्नु पर्ने पैदलबाटाहरू तथा पदयात्राका लागि पथहरूको प्रतिस्थापन गर्नेछ ।

**दफा ६: उर्जा तथा संचार**

**धारा ८९** उर्जा नीति

[१] आफ्ना अधिकारहरूभित्र रहेर, स्विस महासंघ तथा प्रान्तहरूले वातावरण संरक्षण, तथा उर्जाको किफायती तथा प्रभावकारी प्रयोगसँग मेलखाने गरी पर्याप्त, बहुआयामिक, भरपर्दो, तथा मितव्ययी उर्जा आपूर्तिको सुनिश्चित गर्न हर प्रयत्न गर्नेछन् ।
[२] स्विस महासंघले आन्तरिक तथा पुनर्प्रयोगीय उर्जाको प्रयोग, तथा उर्जाको किफायती तथा प्रभावकारी प्रयोग सम्बन्धी सिद्धान्तहरू लागू गर्नेछ ।
[३] स्विस महासंघले प्रतिष्ठानहरु, गाडीहरू, तथा उपकरणहरूका निम्ति उर्जाको प्रयोग सम्बन्धी कानून बनाउने छ । यसले उर्जा प्रविधिहरूको विकासलाई प्रवर्धन गर्नेछ, विशेषत: उर्जा वचत तथा पुनर्प्रयोगीय उर्जाको क्षेत्रमा ।
[४] भवनहरूमा उर्जाको प्रयोग सम्बन्धी बनाइने नियमहरू मुख्यत: एउटा प्रान्तीय मामला हो ।
[५] आफ्नो उर्जा नीतिमा, स्विस महासंघले प्रान्तहरूका, नगरपालीकाहरूका, तथा आर्थिक समूहहरूका प्रयत्नहरूलाई ध्यानमा राख्नेछ ; यसले विभिन्न क्षेत्रहरूका अवस्थाहरू, तथा आर्थिकरूपमा व्यावहारिक हुने सीमाहरूलाई ध्यानमा राख्नेछ ।

**धारा ९०** आणविक उर्जा [*]

आणविक उर्जाको क्षेत्रमा बनाइने कानून एउटा संघीय विषय हो ।

**धारा ९१** उर्जा परिवहन

[१] स्विस महासंघले विद्युत् परिवहन तथा आपूर्ति सम्बन्धी कानून बनाउनेछ ।

---

[*] अस्थायी व्यवस्था अन्तर्गत
[*] अस्थायी व्यवस्था अन्तर्गत

[२] तरल वा ग्याँसीय इन्धनहरूको परिवहनका निम्ति नलप्रणालीहरू सम्बन्धी कानून बनाउने काम एउटा संघीय विषय हो ।

**धारा ९२** हुलाक तथा दूरसंचार सेवाहरू

[१] हुलाक तथा दूरसंचार सेवाहरू एउटा संघीय विषय हो ।
[२] स्विस महासंघले सम्पूर्ण क्षेत्रहरूमा पर्याप्त तथा उचित आधारभूत हुलाक तथा दूरसंचार सेवाहरूको सुनिश्चित गर्नेछ । दरहरू एकरुपताको सिद्धान्तअनुरूप तोकिनेछ ।

**धारा ९३** रेडियो तथा टेलिभिजन

[१] रेडियो तथा टेलिभिजन र अन्य सार्वजनि प्रसारणको माध्यमव्दारा गरीने रूपकहरू तथा सूचनाहरुको प्रसारण सम्बन्धी कानून एउटा संघीय विषय हो ।
[२] रेडियो तथा टेलिभिजनले शिक्षा तथा सांस्कृतिक विकासलाई, स्वतन्त्र विचार रचनालाई, र श्रोताहरू तथा दर्शकहरूको मनोरञ्जनलाई योगदान पुऱ्याउनेछन् । तिनीहरूले देशको विशेषताहरू तथा प्रान्तहरूका आवश्यकताहरूलाई ध्यानमा राख्नेछन् । तिनीहरूले घटनाहरूलाई तथ्यपरक ढंगले प्रस्तुत गर्नेछन्, र विविध विचारहरूलाई न्यायोचित रूपले र पर्याप्त मात्रामा प्रतिविम्वित गर्नेछन् ।
[३] रेडियो तथा टेलिभिजनको स्वतन्त्रता र तिनीहरूको कार्यक्रमहरूको स्वायत्ततालाई प्रत्याभूति दिइएको छ ।
[४] अन्य संचार माध्यमहरूको अवस्था तथा भूमिकालाई, विशेषत: प्रेसको, ध्यानमा राखिनेछ ।
[५] कार्यक्रमहरूको वारेमा एउटा स्वतन्त्र निकाय समक्ष उजुरीहरू पेस गर्न सम्भव हुनेछ ।

**दफा ७ : अर्थतन्त्र**

**धारा ९४** आर्थिक नियमितताका सिद्धान्तहरू

[१] स्विस महासंघ तथा प्रान्तहरूले आर्थिक स्वतन्त्रताको सिद्धान्तलाई आदर गर्नेछन् ।
[२] तिनीहरूले राष्ट्रिय अर्थतन्त्रको हितलाई रक्षा गर्नेछन् र , अर्थतन्त्रको निजी क्षेत्रसँगसँगै, जनताको कल्याण तथा आर्थिक सुरक्षामा योगदान पुऱ्याउनेछन् ।
[३] आफ्ना अधिकारहरूको सीमाभित्र रहेर, तिनीहरूले अर्थतन्त्रको निजी क्षेत्रका निम्ति अनुकूल अवस्थाहरू सिर्जना गर्न हरप्रयत्न गर्नेछन् ।
[४] आर्थिक स्वतन्तत्राको सिद्धान्तको अपहेलनालाई, विशेषत: प्रतिस्पर्धा विरुद्धका कामकारवाहीलाई , संघीय संविधानले पूर्वानुमान गरेको अवस्थामा वा प्रान्तीय एकाधिकारहरूमा आधारित भएको अवस्थामा मात्र अनुमति दिइनेछ ।

**धारा ९५** निजी आर्थिक गतिविधि [*]

[१] स्विस महासंघले निजी आर्थिक गतिविधिको अभ्याससम्बन्धी कानून बनाउने छ ।
[२] यसले एउटा एकीकृत स्विस आर्थिक क्षेत्र सिर्जना गर्न हर प्रयत्न गर्नेछ । यसले विश्वविद्यालय शिक्षा वा संघीय वा प्रान्तीय शिक्षा प्रमाणपत्र हासिल गरेका वा कुनै एउटा प्रान्तद्वारा मान्यताप्राप्त शिक्षा प्रमाणपत्र हासिल गरेका व्यक्तिहरूले आफ्नो पेशालाई स्विटजरल्याण्डभरि अभ्यास गर्न पाउने कुराको प्रत्याभूति दिनेछ ।

**धारा ९६** प्रतिस्पर्धा नीति

[*] अस्थायी व्यवस्था अन्तर्गत

[१] स्विस महासंघले मूल्य नियन्त्रण तथा प्रतिस्पर्धालाई सीमित गराउने कम्पनीसंघहरू तथा प्रतिस्पर्धाका अन्य हदबन्दीहरूले आर्थिक वा सामाजिकरूपमा पार्ने हानिकारक असरहरू नियन्त्रण गर्न कानून बनाउनेछ ।
[२] यसले निम्न कुराहरूको व्यवस्था मिलाउने छ:

क) बजारमा प्रभावकारी स्थान ओगटेर फाइदा लिइरहेका निजी तथा सार्वजनिक कानून अन्तर्गत स्थापना भएका उद्यमहरू तथा संघसंस्थाहरूद्वारा मूल्य निर्धारणमा गरिने दुरुपयोगहरू रोक्न ;

ख) नाजायज प्रतिस्पर्धा हटाउन ।

**धारा ९७** उपभोक्ता संरक्षण

[१] स्विस महासंघले उपभोक्ता संरक्षणका निम्ति आवश्यक व्यवस्था मिलाउने छ ।
[२] यसले उपभोक्ता संघसंस्थाहरूलाई उपलब्ध हुने राहतहरू सम्बन्धी कानून बनाउनेछ । नाजायज प्रतिस्पर्धा विरुद्धको संघीय कानूनको क्षेत्रमा, यी संघसंस्थाहरूको व्यावसायिक तथा आर्थिक संघहरूको जस्तै अधिकार हुनेछ ।
[३] प्रान्तहरूले विवादको निश्चित मूल्यमान्यता मातहतका मुद्दाहरूका निम्ति एउटा मिलापत्र प्रक्रिया वा एउटा सामान्य तथा शीघ्र न्यायिक प्रक्रिया उपलब्ध गराउनेछन् । संघीय सरकारले त्यो मूल्यमान्यता लागू गर्नेछ ।

**धारा ९८** बैंकिङ तथा बीमा

[१] स्विस महासंघले बैंकिङ तथा शेयर बजारहरू सम्बन्धी कानून बनाउनेछ ; यसले प्रान्तीय बैंकहरूको विशेष कार्यभार तथा स्थानलाई ध्यानमा राख्नेछ ।
[२] यसले अन्य क्षेत्रहरूमा आर्थिक सेवाहरू सम्बन्धी कानून बनाउन सक्नेछ ।
[३] यसले निजी बीमा सम्बन्धी कानून बनाउने छ ।

**धारा ९९** मौद्रिक नीति

[१] रूपैयाँ-पैसा तथा मुद्रा एउटा संघीय विषय हो । स्विस महासंघलाई मात्र सिक्का पैसा तथा कागजी मुद्रा निष्काशन गर्ने विशेषाधिकार हुनेछ ।
[२] एउटा स्वतन्त्र केन्द्रीय बैंकको रूपमा, स्विस राष्ट्रिय बैंकले देशको बृहत्तर हितलाई समेट्ने मौद्रिक नीतिलाई अपनाउने छ ; त्यो नीतिलाई स्विस महासंघको सहयोग तथा सुपरीवेक्षणमा कार्यान्वयन गरिनेछ ।
[३] स्विस राष्ट्रिय बैंकले आफ्नो नाफाबाट पर्याप्त मौद्रिक सञ्चिति सिर्जना गर्नेछ ; त्यो सञ्चितिको एक भाग सुनमा सञ्चय गरिनेछ ।
[४] स्विस राष्ट्रिय बैंकको खुद नाफको कमसेकम दुई तिहाई भाग प्रान्तहरूको नाममा जम्मा गरिनेछ ।

**धारा १००** आर्थिक विकास सम्बन्धी नीति

[१] स्विस महासंघले एउटा सन्तुलित आर्थिक विकास तथा, विशेषत:, बेरोजगारी तथा मुद्रा स्फीतिलाई रोक्न तथा ती विरुद्ध लड्ने कुराको सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाउने छ ।
[२] यसले विभिन्न क्षेत्रहरूको आर्थिक विकासलाई ध्यानमा राख्नेछ । यसले प्रान्तहरू तथा आर्थिक समूहहरूसँग मिलेर काम गर्नेछ ।
[३] ऋण तथा मुद्राको क्षेत्रमा, वैदेशिक व्यापार तथा सार्वजनिक वित्तमा, यसले, आवश्यक ठानेमा, आर्थिक स्वतन्त्रताको सिद्धान्तदेखि बाहिरजान सक्नेछ ।
[४] आफ्ना बजेटसम्बन्धी नीतिमा, स्विस महासंघ, प्रान्तहरू तथा नगरपालिकाहरूले आर्थिक विकासलाई ध्यानमा राख्नेछन् ।

[५] अर्थतन्त्रलाई स्थीर बनाउनका निम्ति, स्विस महासंघले अस्थायीरूपमा अतिरिक्त शुल्क लगाउन सक्नेछ, वा संघीय करहरू तथा शुल्कहरूमा अस्थायी रुपमा छुट दिन सक्नेछ । यसरी संकलित कोषहरू खर्च नगरी राखीनेछ र पछि, प्रत्यक्ष अतिरिक्त शुल्कहरूलाई व्यक्तिगतरूपमा सोधभर्ना गरिनेछ , र अप्रत्यक्ष अतिरिक्त शुल्कहरूलाई छुट दिनकालागि वा रोजगार सिर्जना गर्न प्रयोग गरिनेछ ।
[६] स्विस महासंघले व्यापारीक संघसगठनहरूलाई रोजगार सिर्जना गर्नका निम्ति सञ्चिति गर्न बाध्य गराउन सक्नेछ ; त्यस उद्देश्यका निम्ति, यसले कर सहुलियत प्रदान गर्न सक्नेछ, र प्रान्तहरूलाई त्यस्ता सहुलियतहरू प्रदान गर्न बाध्य गराउन सक्नेछ । सञ्चिति जारी गरेपछि, ती व्यापारिक संघ-संगठनहरू कानूनद्वारा तोकिएका उद्देश्यहरूभित्र रही तिनीहरूलाई कसरी प्रयोग गर्ने कुराको निर्णय गर्न स्वतन्त्र हुनेछन् ।

**धारा १०१** वैदेशिक व्यापार

[१] स्विस महासंघले विदेशमा स्विस अर्थतन्त्रको हितको रक्षा गर्नेछ ।
[२] विशेष अवस्थाहरूमा, आन्तरिक अर्थतन्त्रलाई संरक्षण गर्न आवश्यक व्यवस्था मिलाउन सक्नेछ । यसले, आवश्यक परेमा, आर्थिक स्वतन्त्रताको सिद्धान्तदेखि बाहिरजान सक्नेछ ।

**धारा १०२** अत्यावश्यक वस्तुहरूको आपूर्ति तथा सेवाहरू *

[१] स्विस महासंघले सैनिक वा आर्थिक युद्ध, वा अर्थतन्त्र आफैले जुध्न नसक्ने गम्भीर अभावहरूको सम्भावना भएमा देशको अत्यावश्यक वस्तुहरूको आपूर्ति तथा सेवाहरूको सुनिश्चित गर्नेछ । यसले अस्थायी उपायहरु अबलम्बन गर्न सक्नेछ ।
[२] यसले, आवश्यक परेमा, आर्थिक स्वतन्त्रताको सिद्धान्तदेखि बाहिरजान सक्नेछ ।

**धारा १०३** संरचनात्मक नीति *

स्विस महासंघले, यदि स्व-निर्भरताका लागि जायजरूपमा अपेक्षागरी अपनाइने उपायहरू अपर्याप्त भएमा, आर्थिकअभावले प्रभावित क्षेत्रहरूलाई सहयोग गर्न सक्नेछ तथा अर्थतन्त्र तथा पेशाहरूका हाँगाहरूलाई प्रवर्धन गर्न सक्नेछ । यसले, आवश्यक परेमा, आर्थिक स्वतन्त्रताको सिद्धान्तदेखि बाहिरजान सक्नेछ ।

**धारा १०४** कृषि

[१] स्विस महासंघले कृषिले एउटा दिगो तथा बजारमुखी उत्पादनको माध्यमबाट पर्याप्तमात्रामा योगदान पुर्‍याउने कुरालाई सुनिश्चित गर्नेछ ।
क) जनताको सुरक्षित व्यवस्थाका निम्ति ;
ख) राष्ट्रिय स्रोतहरूको संरक्षण तथा ग्रामीण प्राकृतिक दृष्यको स्याहार-सम्भार गर्नका निम्ति ;
ग) देशको विकेन्द्रीकृत बसोबासका निम्त ।
[२] कृषिबाट जायजरूपमा अपेक्षा गर्न सकिने स्व-निर्भर व्यवस्थाका अलवा र, आवश्यक भएमा, आर्थिक स्वतन्त्रताको सिद्धान्तलाई नअँगालीकन, स्विस महासंघले खेती गर्ने कृषि फार्महरूको प्रवर्धन गर्नेछ ।
[३] यसले यस्तो प्रकारले योजनाहरू बनाउने छ कि कृषिले आफ्ना बहुकार्यहरू पूरा गर्नेछ । यसका अधिकारहरू तथा कार्यभारहरू विशेषत: निम्नानुसार हुनेछन् :
क) यसले, प्रकृतिलाई हानि नपुर्‍याउने कुरा प्रमाणित भएमा, सेवा प्रदान गरेवापत न्यायोचित तथा पर्याप्त पारिश्रमिक प्राप्त गर्न, प्रत्यक्ष भुक्तानीद्वारा कृषि राजस्वहरूलाई सहयोग पुर्‍याउनेछ ;

* अस्थायी व्यवस्था अन्तर्गत
* अस्थायी व्यवस्था अन्तर्गत

ख) यसले, आर्थिक प्रेरणास्रोतहरूको माध्यमद्वारा, विशेषत: प्रकृतिको नजिक तथा वातावरण तथा प्राणीहरूलाई असर नगर्ने उत्पादनहरूलाई प्रवर्धन गर्नेछ ;
ग) यसले उत्पत्ति, स्तर, उत्पादनको घोषणा तथा खाद्यवस्तुहरूको प्रशोधन विधिहरू सम्बन्धी कानून बनाउने छ ।
घ) यसले मलहरू, रासायनिक तत्वहरू तथा अन्य सहायक तत्वहरूको अत्यधिक प्रयोगबाट हुने प्रदुषणबाट वातावरणलाई जोगाउनेछ ;
ङ) यसले कृषि अनुसन्धान, परामर्श, तथा शिक्षालाई प्रोत्साहन गर्नेछ, र लगानीहरूमा अनुदान दिनेछ ;
च) यसले ग्रामीण सम्पत्तिको सुदृढीकरण सम्बन्धी कानून बनाउन सक्नेछ ।

[४] यी हासिल गर्नका निम्ति यसले कृषि क्षेत्र तथा साधारण संघीय कोषहरूबाट छुट्टयाइएका कोषहरूलाई लगानी गर्नेछ ।

**१०५** मदिरा

स्रवित नशालु पेय पदार्थको उत्पादन, आयात, प्रशोधन, तथा विक्री सम्बन्धीको कानून एउटा संघीय विषय हो । स्विस महासंघले, विशेषत: मदिरा सेवनका हानिकारक असरहरूलाई ध्यानमा राख्नेछ ।

**१०६** जुवा *

[१] जुवा तथा चिट्ठाहरू सम्बन्धीको कानून एउटा संघीय विषय हो ।
[२] कुनै एउटा जुवाघर स्थापना र संचालन गर्न एउटा संघीय लाइसेन्सको आवश्यक पर्नेछ । संघीय लाइसेन्स जारी गर्दा, स्विस महासंघले क्षेत्रीय परिस्थितिहरू तथा जुवाले निम्त्याउने खतराहरूलाई ध्यानमा राख्नेछ ।
[३] स्विस महासंघले जुवाघरहरुमाथि उनीहरूको आयमा कर लगाउनेछ ; यो कर जुवाबाट उठ्ने कुल आयको ८० प्रतिशतभन्दा बढी हुनेछैन । यस्ता करका रकमलाई लाई वृद्ध उमेर, खतराबाट बचेकाहरू, तथा अपाङ्गता बीमालाई दिइने संघीय अनुदानलाई समेट्न प्रयोग गरिनेछ ।
[४] एउटा बिशेष सीपको आवश्यकता पर्ने तथा पैसा जित्न सकिने जुवा मेसिनलाई लाइसेन्स दिने कार्य एउटा प्रान्तीय विषय हो ।

**१०७** हात-हतियार तथा सैन्य सामाग्री

[१] स्विस महासंघले हात-हतियार, सम्बन्धित उपकरण, तथा गोला-बारुदको दुरुपयोग सम्बन्धी कानून बनाउनेछ ।
[२] यसले सैन्य सामाग्रीको उत्पादन, प्राप्ति, वितरण, आयात, निर्यात, तथा पारवहन सम्बन्धी कानून बनाउनेछ ।

## दफा ८ : आवास, काम, सामाजिक सुरक्षा तथा स्वास्थ्य

**धारा १०८** निर्माण प्रवर्धन तथा आवास स्वामित्व

[१] स्विस महासंघले निर्माण कार्य तथा निजी व्यक्तिहरूको आफ्नै प्रयोग र स्वामित्वको निम्ती, र सामाजिक आवासका निम्ति काम गर्ने संस्थाहरू र उद्यमीहरुलाई प्रोत्साहन गर्नेछ ।
[२] यसले, विशेषत:, भूमि प्राप्ति तथा विकास, निर्माणको प्रभावकारिता, र निर्माण तथा आवास खर्चहरूको न्युनिकरणलाई प्रवर्धन गर्नेछ ।

---

* अस्थायी व्यवस्था अन्तर्गत

[३] यसले आवास निर्माणका निम्ति भूमि विकास, तथा निर्माणमा प्रभावकारीता सम्बन्धी कानून बनाउनेछ ।
[४] यो कार्य पूरा गर्दा, यसले, विशेषत:, परिवारहरू तथा वृद्ध, गरिब, तथा अपाङ्ग व्यक्तिहरूको हितलाई ध्यानमा राख्नेछ ।

**धारा १०९** जग्गाधनी तथा मोही

[१] स्विस महासंघले जग्गा धनी तथा मोहीका क्षेत्रमा हुने दुरुपयोगहरू सम्बन्धी नियमहरू जारी गर्न सक्नेछ, विशेषत: अनुचित बहाल रकमको विरुद्धमा, हक समाप्तिका अनुचित सूचनाहरूको अन्त्य गर्ने सम्बन्धमा, र मोहियानीहरूको सीमित विस्तारसम्बन्धमा ।
[२] यसले जग्गाधनीहरू तथा मोहीहरूबीच हुने साधारण सम्झौताको सामान्यत: बाध्यात्मक असरहरूको सम्बन्धमा कानून बनाउन सक्नेछ । सम्झौताहरू त्यतिबेला मात्र साधारणरूले बाध्यात्मक हुनेछन् जब तिनीहरूले न्यायोचित अल्पसंख्यक वर्ग तथा क्षेत्रीय भिन्नताहरूलाई ध्यानमा राख्नेछन्, र कानूनका सामु समानताको सिद्धान्तलाई आदर गर्नेछन् ।

**धारा ११०** श्रम [*]

[१] स्विस महासंघले निम्न कुराहरूसम्बन्धी कानून बनाउन सक्नेछ :
क) कामदारहरूको संरक्षण ;
ख) कामदारहरू तथा नोकरीदिनेहरूबीचको सम्बन्ध, विशेषत: कुनै एउटा उद्यम वा व्यापारसँग सम्बन्धित विषयहरूमको साझा नियम ;
ग) पदस्थापन सेवाहरू ;
घ) सामुहिक श्रम सम्झौताहरू सम्बन्धी सामान्यतया बाध्यात्मक असरहरू प्रदान गर्ने कार्य ।
[२] सामुहिक श्रम सम्झौताहरूले न्यायोचित अल्पसंख्यक वर्गको हित तथा क्षेत्रीय भिन्नताहरूलाई ध्यानमा राखेमा, र कानूनका सामु समानताको सिद्धान्तलाई तथा संगठित हुन पाउने स्वतन्त्रतलाई सम्मान गरेमा मात्र तिनीहरूले सामान्यतया बाध्यात्मक असरहरू प्राप्त गर्न सक्नेछन् ।
[३] अगस्त १ संघीय राष्ट्रिय दिवस हो । श्रम कानूनमा, यसलाई आइतवारमा समायोजन गरिएको छ, र उक्त दिनको तलब दिइने छ ।

**धारा १११** सामाजिक सुरक्षा

१ स्विस महासंघले वृद्ध, खतराबाट बाँचेकाहरू, तथा अपाङ्ग व्यक्तिहरूका निम्ति पर्याप्त सामाजिक सुरक्षाको आवश्यक व्यवस्था मिलाउनेछ । यी तीनवटा शिर्षकहरूमा आधारित हुनेछन्, अर्थात्, संघीय वृद्ध उमेर, खतराबाट बाँचेकाहरूको, तथा अपाङ्गता बीमा, कर्मचारी निवृत्तिभरण योजनाहरू, तथा  आफ्नै भविष्यका निम्ति व्यक्तिहरूद्वारा गरिएका व्यवस्था
[२] स्विस महासंघले संघीय वृद्ध उमेर, खतराबाट बाँचेकाहरूको, तथा अपाङ्ग बीमा, तथा कर्मचारी निवृत्तिभरण योजनाहरूले तिनीहरूको उद्देश्यलाई स्थायीरूपमा पूरा गर्ने कुराको सुनिश्चित गर्नेछ ।
[३] यसले प्रान्तहरूलाई संघीय वृद्ध उमेर, खतराबाट बाँचेकाहरूको, तथा अपाङ्ग बीमा,  र कर्मचारी निवृत्तिभरण योजनाहरूका संस्थाहरूलाई करबाट छुट दिन, तथा बीमा गरेका व्यक्तिहरू तथा रकमहरू तिरिएका उनीहरूका नोकरी दिनेहरुलाई, तथा भावी फाइदाहरूका अधिकारहरूलाई करबाट छुटकारा दिन बाध्य गराउन सक्नेछ ।
[४] प्रान्तहरूसँग समन्वय राखी, स्विस महासंघले व्यक्तिहरूलाई विशेषत: आर्थिक व्यवस्थाद्वारा तथा स्वामित्वलाई प्रोत्साहन दिने नीतिहरूद्वारा, आफ्नो भविष्यका लागि आफैले नै व्यवस्था गर्न प्रोत्साहन दिनेछ  ।

[*] अस्थायी व्यवस्था अन्तर्गत

## धारा ११२ वृद्ध उमेर, खतराबाट बाँचेकाहरू तथा अपाङ्गता बीमा *

१ स्विस महासंघले वृद्ध उमेर, खतराबाट बाँचेकाहरू, तथा अपाङ्गता बीमा सम्बन्धी कानून बनाउन सक्नेछ ।
२ उक्त कार्य गर्दा, यसले तलका सिद्धान्तहरूलाई सम्मान गर्नेछ:
- क) बीमा अनिवार्य हुनेछ ;
- ख) निवृत्तिभरणहरूले उपयुक्तरूपले आधारभूत जिउने खर्चहरू समेटेको हुनुपर्नेछ ;
- ग) अधिकतम निवृत्तिभरण न्यूनतम निवृत्तिभरणको दोब्बरभन्दा बढी हुनेछैन ;
- घ) निवृत्तिभरणहरू कमसेकम मूल्यवृद्धिसँग मिलाइएको हुनु पर्नेछ ।

३ बीमाको रकम यसरी उठाइनेछ :
- क) बीमा गरेका व्यक्तिहरूबाट तिर्ने रकमबाट ; कर्मचारीहरूले तिर्नुपर्ने रकमको आधार उनीहरूका नोकरीदिनेहरु तिर्नुपर्नेछ ;
- ख) स्विस महासंघले दिने अनुदानहरूद्वारा तथा, कानूनले त्यो उपलब्ध गराएको खण्डमा, प्रान्तहरूको अनुदानहरूबाट ।

४ स्विस महासंघ तथा प्रान्तहरूका अनुदानहरू, जम्माजम्मी, भुक्तानीहरूको आधाभन्दा बढी हुनेछैन ।
५ स्विस महासंघले दिने अनुदानहरू मुख्यगरी सूर्तीजन्य पदार्थहरू, स्रवित नशालु पेय पदार्थहरू, र जुवाघरहरुहरूमा लगाइएको करबाट प्राप्त खुद नाफाहरूबाट संकलन गरिनेछ ।
६ स्विस महासंघले अपाङ्ग व्यक्तिहरूको समावेशीकरणलाई प्रोत्साहन गर्नेछ, तथा वृद्ध, खतराबाट बाँचेकाहरू, तथा अपाङ्ग व्यक्तिहरूलाई सहयोग पुऱ्याउने प्रयत्नहरूलाई समर्थन गर्नेछ । यो हासिल गर्नका निम्ति, यसले वृद्ध उमेर, खतराबाट बाँचेकाहरूको, तथा अपाङ्ग बीमामा रहेका कोषहरू प्रयोग गर्न सक्नेछ ।

## धारा ११३ कर्मचारी निवृत्तिभरण योजनाहरू *

१ स्विस महासंघले कर्मचारी निवृत्तिभरण योजनाहरू सम्बन्धी कानून बनाउनेछ ।
२ उक्त कार्य गर्दा, यसले तलका सिद्धान्तहरूलाई सम्मान गर्नेछ:

- क) वृद्ध उमेर, खतराबाट बाँचेकाहरूको, तथा अपाङ्ग बीमा लगायत कर्मचारी निवृत्तिभरणले उपयुक्ततवरले पहिलाको जीवनशैलीलाई कायम गर्न सुनिश्चित गर्नेछ;
- ख) कर्मचारी निवृत्तिभरण योजनाहरू कर्मचारीहरूका लागि अनिवार्य हुनेछन् ; कानूनले अपवादहरू बनाउन सक्नेछ ;
- ग) नोकरी दिनेहरुले आफ्ना कर्मचारीहरूलाई कुनै एउटा निवृत्तिभरण संस्थासँग बीमा गराउनेछन् । आवश्यक भएमा, स्विस महासंघले तिनीहरूका कर्मचारीहरूलाई संघीय निवृत्तिभरण संस्थासँग बीमा गर्ने सम्भावना प्रदान गर्नेछ ;
- घ) आफैले आफैलाई जागिर दिएका व्यक्तिहरूले कुनै एउटा निवृत्तिभरण संस्थासँग स्वेच्छाले बीमा गर्न सक्नेछन् ;
- ङ) आफैले आफैलाई जागिर दिएका व्यक्तिहरूका विशेष समूहहरूलाई, सामान्य वा केवल विशेष जोखिमहरूका लागि, स्विस महासंघले कर्मचारी निवृत्तिभरण योजनाहरूलाई अनिवार्य गराउन सक्नेछ ।

३ कर्मचारी निवृत्तिभरण योजनाहरू बीमा गरेका व्यक्तिहरूले तिर्ने रकमहरूद्वारा चल्नेछन् ; कमसेकम कर्मचारीले कट्टा गर्ने रकमको आधा तिनीहरूका नोकरीदिनेहरूले तिर्नेछन् ।
४ कर्मचारी निवृत्तिभरण संस्थाहरूले संघीय न्यूनतम आवश्यकताहरूलाई पूरा गर्नै पर्नेछ ; स्विस महासंघले विशेष समस्याहरू समाधान गर्नका निम्ति देशव्यापी व्यवस्थाहरू गर्न सक्नेछ ।

---

* अस्थायी व्यवस्था अन्तर्गत

* अस्थायी व्यवस्था अन्तर्गत

**धारा ११४** बेरोजगारी बीमा

[१] स्विस महासंघले बेरोजगारी बीमा सम्बन्धी कानून बनाउनेछ ।
[२] उक्त कार्य गर्दा, यसले तलका सिद्धान्तहरूलाई सम्मान गर्नेछ:
  क) बीमाले कमाइ गुमाएको अवस्थामा एउटा उपयुक्त क्षतिपूर्तिको प्रत्याभूति दिनेछ, र बेरोजगारी रोक्ने तथा त्यस विरुद्ध लड्ने क्रियाकलापहरूलाई समर्थन गर्नेछ ;
  ख) कर्मचारीहरूका लागि बीमा अनिवार्य हुनेछ ; कानूनले अपवादहरू बनाउन सक्नेछ ;
  ग) स्व-रोजगारी भएका व्यक्तिहरूले स्वेच्छाले आफैंनै बीमा गर्न सक्नेछन् ।
[३] बेरोजगारी बीमा, बीमा गरेका व्यक्तिहरूले तिरेको रकमद्वारा संकलित हुनेछ । कर्मचारीले कट्टा गर्ने रकमको आधा तिनीहरूका नोकरी दिनेहरूले तिर्नेछन् ।
[४] असाधारण अवस्थाहरूमा, स्विस महासंघ तथा प्रान्तहरूले अनुदानहरू उपलब्ध गराउनेछन् ।
[५] स्विस महासंघले बेरोजगार व्यक्तिहरूलाई सामाजिक सहयोग सम्बन्धी कानून बनाउन सक्नेछ ।

**धारा ११५** गरिब व्यक्तिहरूलाई सहयोग

गरिव व्यक्तिहरूलाई उनीहरू बसोबास गरेको ठाउँमा नै प्रान्तहरूद्वारा सहयोग गरिनेछ । स्विस महासंघले अपवादहरू उपलब्ध गराउन सक्नेछ, र सक्षम अख्तियारहरूलाई तोक्न सक्नेछ ।

**धारा ११६** पारिवारिक विनियोजनहरू तथा प्रसूति बीमा

[१] आफ्ना कार्यभारहरू पूरा गर्दा, स्विस महासंघले परिवारका आवश्यकताहरूलाई ध्यानमा राख्नेछ । यसले परिवारको संरक्षण गर्ने कार्यक्रमहरूलाई सहयोग गर्न सक्नेछ ।
[२] यसले पारिवारिक विनियोजनहरू सम्बन्धी कानून बनाउन सक्नेछ र संघीय पारिवारिक क्षतिपूर्ति कोष संचालन गर्न सक्नेछ ।
[३] यसले प्रसूति बीमा लागू गर्न सक्नेछ । यसले बीमाबाट फाइदा लिन नसक्नेहरू व्यक्तिहरुलाई यस्तो विमाको लागि आर्थिक सहयोग गर्नका निम्ति बाध्य गराउन सकिनेछ ।
[४] स्विस महासंघले पारिवारिक क्षतिपूर्ति कोष तथा प्रसूति बीमामा साधारणतया अनिवार्यरूपमा संलग्न हुनु पर्ने कुराको घोषणा गर्न सक्नेछ अथवा निश्चित श्रेणीका व्यक्तिहरूका लागि मात्र त्यो लागू गर्न सक्नेछ, र प्रान्तहरूद्वारा गरिने उचित आर्थिक सहयोगहरूमा अनुदान दिन सक्नेछ ।

**धारा ११७** स्वास्थ्य तथा दुर्घटना बीमा

[१] स्विस महासंघले स्वास्थ्य तथा दुर्घटना बीमा सम्बन्धी कानून बनाउन सक्नेछ ।
[२] यसले साधारणतया स्वास्थ्य तथा दुर्घटना बीमालाई अनिवार्य घोषणा गर्न सक्नेछ वा निश्चित श्रेणीका व्यक्तिहरूलाई मात्र उक्त कुरा लागू गर्न सक्नेछ ।

**धारा ११८** स्वास्थ्य रक्षा

[१] आफ्नो अधिकारको सीमाभित्र रही, स्विस संगठनले स्वास्थ्य रक्षाको निम्ति व्यवस्था मिलाउने छ ।
[२] यसले निम्न कुराहरू सम्बन्धी कानून बनाउनेछ :
  क) स्वास्थ्यलाई खतरनाक हुन सक्ने खाद्य वस्तुहरू तथा चिकित्सा, औषधीहरू, अवयवहरू, रासायनिक तत्त्वहरू, तथा बस्तुहरूको प्रयोग ;
  ख) सरुवा, महामारी वा विशेषत: खतरनाक मानव तथा पशु रोगहरू विरुद्ध लड्न ;
  ग) रेडियो विकिरणलाई आयनित गर्ने कार्य रोक्न ।

**धारा ११९** मानव क्षेत्रमा प्रजननका निम्ति चिकित्सकीय सहयोग तथा जीन प्रविधि

१ मानिसहरूलाई चिकित्साको प्रयोगमा गरिने प्रजनन तथा जीनिय प्रविधिको दुरुपयोगदेखि संरक्षण गरिनेछ ।
२ स्विस महासंघले मानव प्रजनन तथा जीनिय बस्तुको प्रयोग सम्बन्धी कानून बनाउनेछ । यसले मानवीय गरिमा, व्यक्तित्व, तथा परिवारको गरिमालाई संरक्षण गर्ने कुराको सुनिश्चित गर्नेछ, र विशेषत: यसले निम्न सिद्धान्तहरूलाई सम्मान गर्नेछ :

क) सबै प्रकारका कृन्तक गर्ने कार्य (क्लोनिङ) तथा मानव प्रजनन कोशाणुहरू तथा भ्रूणहरूको जीनिय वस्तुसँगको हस्तक्षेपलाई निषेध गरिएको छ ;
ख) मानव-बाहेकको प्रजनन तथा जीनिय बस्तुलाई प्रयोगमा ल्याइने पनि छैन र मानव प्रजनन वस्तुसँग मिलाइने पनि छैन ;
ग) चिकित्साको प्रयोगमा गरिने प्रजनन विधिहरू, बाँझोपन वा कुनै एउटा गम्भीर रोगको संचारणको खतरा अन्य प्रकारले हटाउन नसकिने अवस्थामा मात्र प्रयोग गरिनेछन्, तर तिनीहरू बच्चामा निश्चित गुणहरू राख्नका निम्ति वा अनुसन्धान गर्नका निम्ति प्रयोग गरिनेछैनन् । महिलाको शरीर बाहिर गरिने मानव डिम्बहरूको निषेचनलाई कानूनले निर्धारित गरेको अवस्थाहरूमा मात्र अनुमति दिइनेछ । महिलाको शरीर बाहिर तुरून्त उनमा प्रत्यारोपण गर्न सकिनेभन्दा बढी मानव डिम्बहरूलाई भ्रूणमा विकसित गरिनेछैन ;
घ) भ्रूणहरूको दान तथा प्रतिनियुक्त मातृत्वका सबै रूपहरूलाई निषेध गरिएको छ ;
ङ) मानव प्रजनन वस्तु वा भ्रूणहरूबाट प्राप्त हुने कुनै पनि प्रकारको उत्पादनको व्यापार गर्न पाइनेछैन ।
च) सम्बन्धित व्यक्तिको अनुमति लिएर, वा कानूनले अनुमति दिएको अवस्थामा मात्र, कुनै पनि व्यक्तिको जीनिय बस्तुलाई विश्लेषण गर्न, दर्ता गर्न वा प्रकट गर्न सकिनेछ ;
छ) आफ्नो वंशसम्बन्धीको तथ्याङ्कमा हरेक व्यक्तिको पहुँच हुनेछ ।

**धारा ११९** क) [४] चिकित्सा प्रत्यारोपण

१ स्विस महासंघले अङ्गहरू, शिराहरू, तथा कोशाणुहरूको प्रत्यारोपणको क्षेत्रमा कानून बनाउनेछ । यसले मानव गरिमा, व्यक्तित्व, तथा स्वास्थ्यको रक्षा गर्नेछ ।
२ यसले विशेषत: अङ्गहरूको उचित वितरणका लागि सिद्धान्तहरूको स्थापना गर्नेछ ।
३ मानव अङ्गहरू, शिराहरू तथा कोशाणुहरूको दान नि:शुल्क हुने । मानव अङ्गहरूको व्यापारलाई प्रतिबन्धित गरिएको छ ।

**धारा १२०** मानव-बाहेकको क्षेत्रमा जीनिय प्रविधि
१ व्यक्तिहरू तथा उनीहरूको वातावरणलाई जीनिय प्रविधिको दुरुपयोग विरुद्ध संरक्षण गरिनेछ ।
२ स्विस महासंघले जनावरहरू, बोटबिरुवाहरू, तथा अन्य जीवहरूको प्रजनन तथा जीनिय वस्तुको प्रयोग सम्बन्धी कानून बनाउनेछ । उक्त कार्य गर्दा, उसले सृष्टिको इज्जतलाई, तथा मानव, जनावर तथा वातावरणको सुरक्षालाई ध्यानमा राख्नेछ, र जनावर तथा वनस्पति जाति-प्रजातिहरूको जीनिय विविधतालाई संरक्षण गर्नेछ ।

**दफा ९: विदेशीहरूको आवास तथा बसोबास**

**धारा १२१**

१ आप्रवास, प्रवास, विदेशीहरूको आवास तथा बसोबास, र आश्रय प्रदान गर्ने सम्बन्धी कानून बनाउने कार्य संघीय विषयहरू हुन् ।

---

[४] फेब्रुअरी ७, १९९९ को मतदानमा अंगीकार गरिएको, मार्च २३, १९९९ मा संघीय सरकारको निर्णयद्वारा ठीक छ भनी प्रमाणित गरिएको र जुन २६, १९९८ को संघीय आज्ञप्तिमा आधारित ।

[२] स्विट्जरल्याण्डको सुरक्षालाई खतरामा पार्ने विदेशीहरूलाई बल प्रयोग गरी स्विटजरल्याण्डबाट हटाउन सकिनेछ ।

## दफा १०: देवानी तथा फौजदारी कानून, महत्त्व तथा मापदण्ड

**धारा १२२** [५] देवानी कानून

[१] देवानी कानून तथा देवानी कार्यविधिको क्षेत्रमा कानून बनाउने कार्य एउटा संघीय विषय हो ।

[२] कानूनले अन्य व्यवस्था गरेकोमा बाहेक न्यायपालिका तथा नागरिक न्यायका संस्था प्रान्तीय विषयहरु हुन् , ।

**धारा १२३** [६] फौजदारी कानून

[१] फौजदारी कानून तथा फौजदारी कार्यविधिको क्षेत्रमा कानून बनाउने कार्य एउटा संघीय विषय हो ।
[२] न्यायपालिका, फौजदारी न्यायका संस्था, तथा फौजदारी सजायहरूको कार्यान्वयन तथा मापदण्डको कार्य प्रान्तीय मामलाहरू हुन्, कानूनले अन्य व्यवस्था नगरेको भए ।
[३] स्विस महासंघले प्रान्तहरूलाई यी निम्न कुराहरूका निम्ति अनुदानहरू दिन सक्नेछ:
क) संस्थाहरूको निर्माण ;
ख) सजायहरू तथा कामकारवाहीको सुधारिएको कार्यान्वयन ;
ग) बालबालिका, युवायुवती तथा वयस्कहरूका लागि शैक्षिक क्रियाकलापहरू कार्यान्वयन गर्ने संस्थाहरूको सहयोग ।

**धारा १२४** फौजदारी कारबाहीहरूबाट पीडित व्यक्तिहरूलाई सहयोग

स्विस महासंघ तथा प्रान्तहरूले शारीरिक, मानसिक, वा यौनजन्य फौजदारी कारबाहीहरूबाट पीडित व्यक्तिहरूले सहयोग तथा, यदि उक्त फौजदारी कारबाहीको एउटा परिणामस्वरूप, उनीहरूले आर्थिक व्यवधानहरू झेल्नु परेमा, उनीहरूलाई उपयुक्त क्षतिपूर्ति दिलाउने कुराको सुनिश्चित गर्नेछन् ।

**धारा १२५** तौल तथा तथा मापदण्डहरू

बजनको तौल र मापदण्डहरू सम्बन्धी कानून बनाउने कार्य एउटा संघीय विषय हो ।

## महल ३ : राजस्व

**धारा १२६** [७] बजेट
[१] स्विस महासंघले आफ्नो खर्च तथा प्राप्त रकमहरूलाई दिर्घकालिन रुपमा सन्तुलनमा राख्नेछ ।
[२] बजेट विनियोजन गर्न सकिने कूल खर्चको अधिकतम रकम निर्धारण अपेक्षित प्राप्त रकमहरूद्वारा निर्णय गरिनेछ, र उक्त कार्य गर्दा आर्थिक अवस्थालाई ध्यानमा राखिनेछ ।

---

[५] मार्च १२, २००० को मतदानमा अंगीकार गरिएको, मे १७, २००० मा संघीय सरकारको निर्णयद्वारा ठीक छ भनी प्रमाणित गरिएको र अक्टोबर ८, १९९९ को संघीय आज्ञप्तिमा आधारित ।

[६] मार्च १२, २००० को मतदानमा अंगीकार गरिएको, मे १७, २००० मा संघीय सरकारको निर्णयद्वारा ठीक छ भनी प्रमाणित गरिएको र अक्टोबर ८, १९९९ को संघीय आज्ञप्तिमा आधारित ।

[७] डिसेम्बर २, २००१ को मतदानमा अंगीकार गरिएको, फेब्रुअरी ४, २००२ मा संघीय सरकारको निर्णयद्वारा ठीक छ भनी प्रमाणित गरिएको र जुन २२, २००१ को संघीय आज्ञप्तिमा आधारित ।

[३] असाधारण भुक्तानी आवश्यकताहरूको हकमा, उपधारा २ बमोजिम पर्याप्तरूपमा बढाइनेछ । संघीय संसद्द्वारा धारा १५९ को उपधारा ३ (ग) बमोजिम रकम वृद्धिको निर्णय गरिनेछ ।
[४] यदि वार्षिक हिसाबको लेखामा राखिएको कूल खर्च उपधारा २ वा ३ बमोजिम अधिकतम रकम नाघेमा, आगामी वर्षहरूमा उक्त नाघेको रकम क्षतिपूर्ति दिइनेछ ।
[५] कानूनद्वारा विस्तृत विविरण तोकिनेछ ।

**धारा १२७** कर निर्धारणका सिद्धान्तहरू

[१] कर निर्धारणका सामान्य सिद्धान्तहरू, विशेषत: करदाताहरूको समूह, तथा कर तथा त्यसको गणनाको उद्देश्य, कानूनद्वारा तोकिनेछ ।
[२] करको प्रकृतिले यसलाई अनुमति दिएसम्म, करको चलनचल्ती तथा आर्थिक क्षमताअनुसारको कर निर्धारणका सार्वभौमीक तथा समानताका सिद्धान्तहरूलाई अनुसरण गरिनेछ ।
[३] अन्तरप्रान्तीय दोहोरो कर निर्धारण गर्ने कार्यलाई निषेध गरिएको छ । स्विस महासंघले आवश्यक व्यवस्था मिलाउनेछ ।

**धारा १२८** प्रत्यक्ष करहरू *

[१] स्विस महासंघले प्रत्यक्ष कर उठाउन सक्नेछ :
क) प्राकृतिक व्यक्तिहरूको आम्दानीमा बढीमा ११.५ प्रतिशत ;
ख) कानूनी व्यक्तिहरुको खुद नाफामा बढीमा ९.८ प्रतिशत ;
ग) कानूनी व्यक्तिहरुको पूँजी तथा बचत रकमहरूमा बढीमा .०८२५ प्रतिशत ।
[२] करको मापदण्ड लागू गर्दा, स्विस महासंघले प्रान्तहरू तथा नगरपालिकाहरूमाथि पर्ने प्रत्यक्ष करहरूको बोझलाई ध्यानमा राख्नेछ ।
[३] प्राकृतिक व्यक्तिहरूलाई मुद्रा स्फीतिको कारणले गर्दा उच्च कर सीमाभित्र पर्न जाने असरलाई समय-समयमा समीकरण गरिनेछ ।
[४] प्रान्तहरूले करहरू निर्धारण गर्नुको साथसाथै संकलन गर्नेछन् । प्राप्त कूल करको दश भागको तीन भाग प्रान्तहरूलाई जानेछ ; कमसेकम यस रकमको छ भागको एक भाग प्रान्तहरूबीच आर्थिक समीकरण गर्नका निम्ति प्रयोग गरिनेछ ।

**धारा १२९** करहरूको सामञ्जस्यता

[१] स्विस महासंघले, स्विस महासंघ, प्रान्तहरू तथा नगरपालिकाहरूको प्रत्यक्ष करहरूको सामञ्जस्यता सम्बन्धी सिद्धान्तहरू लागू गर्नेछ ; यसले आफ्ना करहरूमा एकरूपता ल्याउन प्रान्तहरूले गरेका प्रयत्नहरूलाई ध्यानमा राख्नेछ ।
[२] सामञ्जस्यतामा तिर्नुपर्ने कर, करको उद्देश्य, कर लाग्ने अवधि, तथा कर सम्बन्धी प्रक्रियात्मक तथा फौजदारी कानून समेटिने छन् ।
[३] स्विस महासंघले नाजायज करका फाइदाहरूको प्रत्याभूति दिने व्यवस्थाहरू विरुद्ध नियमहरू जारी गर्न सक्नेछ ।

**धारा १३०** अतिरिक्त कर *

[१] स्विस महासंघले, आफ्नै प्रयोग, तथा आयातित वस्तुहरू लगायतका, मालसामान तथा सेवाहरूको आपूर्तिमाथि ६.५ प्रतिशतको अधिकतम कर दरसहित अतिरिक्त कर लगाउन सक्नेछ ।
[२] प्राप्त करको ५ प्रतिशत निम्न आय भएका समूहहरूको सहयोगका निम्ति प्रयोग गरिनेछ ।

---

* अस्थायी व्यवस्था अन्तर्गत
* अस्थायी व्यवस्था अन्तर्गत

[३] यदि, उमेर संरचनाको विकासको कारणले गर्दा, वृद्ध उमेर, खतराबाट बँचेकाहरू, तथा अपाङ्गता बीमालाई आर्थिक स्रोत जुटाउन नसकिएको खण्डमा, संघीय कानून [८] द्वारा बढीमा १ प्रतिशत बिन्दुमा अतिरिक्त कर दर बढाउन सकिनेछ ।

**धारा १३१** विशेष खपत करहरू[*]

[१] स्विस महासंघले निम्न कुराहरूमा विशेष खपत करहरू लगाउन सक्नेछ :
- क) सुर्ती तथा सुर्तीजन्य उत्पादनहरू ;
- ख) स्रवित नशालु पेय पदार्थहरू ;
- ग) बीयर ;
- घ) गाडीहरू तथा तिनीहरूका पाटपुर्जाहरू ;
- ङ) कच्चा, तेल, अन्य खनिज इन्धनहरू, प्राकृतिक ग्याँस, तथा प्रशोधनद्वारा प्राप्त गरिएका उत्पादनहरू, तथा मोटर इन्धनहरू ।

[२] यसले मोटर इन्धनहरूमा अधिक कर लगाउन सक्नेछ ।
[३] स्रवित नशालु पेय पदार्थहरूमा लगाइएको करबाट प्राप्त खुद रकमको दश भागको एक भाग प्रान्तहरूलाई दिइनेछ । यी कोषहरू कुलतका कारणहरू तथा तिनका असरहरू रोक्नका निम्ति प्रयोग गरिनेछ ।

**धारा १३२** छाप तथा करहरूको रोकावट [*]

[१] स्विस महासंघले जमानतहरू, बीमा प्रीमियमबाटप्राप्त रकमहरू, तथा अन्य वाणिज्यका दस्ताबेजहरूमा छाप कर लगाउन सक्नेछ ; अचल सम्पत्ति तथा बन्धकीहरूमा छाप कर लाग्ने छैन ।
[२] स्विस महासंघले चल पुँजीगत सम्पत्तिहरू, जितेका चिट्ठाहरू, तथा बीमाबाट प्राप्त फाइदाहरूमा स्वामित्व कर लगाउन सक्नेछ ।

**धारा १३३** भन्सार महसुलहरू

भन्सार महसुलहरू तथा सीमा-बाहिर मालसामान ओसारपसारमा लाग्ने करहरू सम्बन्धी कानून बनाउने कार्य एउटा संघीय विषय हो ।

**धारा १३४** प्रान्तीय तथा नगरपालिकाको कर अपवर्जन

संघीय कानूनले अतिरिक्त कर, विशेष खपत कर, छाप कर, वा रोकावट कर लगाएमा, वा यी करहरूबाट छुट हुने घोषणा गरेमा, प्रान्तहरू तथा नगरपालिकाहरूले तिनै शिर्षकमा नै कर लगाउन सक्नेछैनन् ।

**धारा १३५** आर्थिक समीकरण

[१] स्विस महासंघले प्रान्तहरूबीच आर्थिक समीकरणलाई प्रवर्धन गर्नेछ ।
[२] अनुदानहरू प्रदान गर्दा, यसले प्रान्तहरूको आर्थिक क्षमता र पहाडी प्रदेशहरूको विशेष अवस्थालाई ध्यानमा राख्नेछ ।

---

[८] विधायकले यो अख्तियारलाई अभ्यास गरेको छ ; डिसेम्बर २३, १९९९को विवरणमा, अतिरिक्त कर सम्बन्धी सेप्टेम्बर २, १९९९ को संघीय कानूनको धारा ३६को उपधारा १-३ हेर्नुहोस् । जस बमोजिम जनवरी १, २००१ मा लागू हुने गरी, अतिरिक्त करका मूल्यहरू यस प्रकार छन् : ७,६ % (साधारण दर), २,४ % (घटाइएको दर) तथा ३,६ % (डिसेम्बर ३१, २००३ सम्मका लागि आवास सेवाहरूका निम्ति विशेष दर) ।

[*] अस्थायी व्यवस्था अन्तर्गत

[*] अस्थायी व्यवस्था अन्तर्गत

## शिर्षक ४: जनता तथा प्रान्तहरू

### महल १: सामान्य व्यवस्थाहरू

**धारा १३६** राजनैतिक अधिकारहरू

[१] अठार वर्ष वा, त्यसभन्दा बढी उमेरका, र मानसिक अस्वस्थता वा कमजोरीको कारणलेगर्दा अरुको संरक्षणमा नरहेका सम्पूर्ण स्विस नागरिकहरूको संघीय मामलामा राजनैतिक अधिकारहरू हुनेछन् । सबैका समान राजनैतिक अधिकारहरू तथा दायित्वहरू हुनेछन् ।
[२] उनीहरूले प्रतिनिधि सभाका निम्ति निर्वाचनहरू तथा संघीय मतदानहरूमा भाग लिन सक्नेछन्, र संघीय मामलाहरूमा लोकप्रिय नयाँ योजनाहरू तथा जनमत-संग्रहहरूको थालनी गर्नुको साथै तिनीहरूमा हस्ताक्षर गर्न सक्नेछन् ।

**धारा १३७** राजनैतिक दलहरू

राजनैतिक दलहरूले जनमत निर्माण गर्न तथा जनताको चाहनालाई परिपूर्ति गर्ने काममा योगदान पुऱ्याउनेछन् ।

### महल २: नयाँ कुराको थालनी तथा जनमत संग्रह

**धारा १३८** संघीय संविधानको पूर्ण संशोधनका निम्ति आम थालनी

[१] १०० ००० भोट दिने अधिकार भएका नागरिकहरूले संघीय संविधानको पूर्ण संशोधन गर्न प्रस्ताव राख्न पाउनेछन् ।
[२] उक्त प्रस्तावलाई अनुमोदनका निम्ति जनमतमा पेश गरिनेछ ।

**धारा १३९** संघीय संविधानको आंशिक संशोधनका निम्ति आम थालनी

[१] १०० ००० भोट दिने अधिकार भएका नागरिकहरूले संघीय संविधानको आंशिक संशोधन गर्न प्रस्ताव राख्न पाउनेछन् ।
[२] संघीय संविधानको आंशिक संशोधनका निम्ति भएको आम थालनी एउटा साधारण सुझाव वा तर्जुमा गरिएको मसौदाको रूपमा हुन सक्नेछ ।
[३] यदि कुनै नयाँ योजनाको थालनीले एकताको सिद्धान्त, विषय वस्तुको एकताको सिद्धान्त, वा अन्तर्राष्ट्रिय कानूनको अनिवार्य नियमहरूलाई पालना नगरेको भएमा, संघीय संसद्ले उक्त थालनीलाई, पूर्ण वा आंशिक रूपमा, अमान्य भनी घोषणा गर्न सक्नेछ ।
[४] यदि संघीय संसद्ले कुनै नयाँ योजनाको थालनीलाई एउटा साधारण सुझावको रूपमा स्वीकृत गरेमा, यसले उक्त थालनीको मर्ममा एउटा आंशिक संशोधन तयार पार्नेछ, र यसले त्यसलाई जनमत तथा प्रान्तहरूमा पेश गर्नेछ । यदि यसले उक्त थालनीलाई अस्वीकार गरेमा, यसले उक्त थालनीलाई जनमतमा पेश गर्नेछ ; जनताले उक्त थालनीलाई अगाडि बढाउने नबढाउने कुराको निर्णय गर्नेछन् । यसले जनताले उक्त थालनीलाई स्वीकार गरेमा, संघीय संसद्ले तदअनुरूपको मसौदा तर्जुमा गर्नेछ ।
[५] तर्जुमा गरिएको मसौदाको रूपमा भएको कुनै थालनीलाई जनमत तथा प्रान्तहरूमा पेश गरिनेछ । संघीय संसद्ले आफ्नो स्वीकृति वा अस्वीकारलाई सिफारिस गर्नेछ । यसले अस्वीकारलाई सिफारिस गरेमा, आफ्नै प्रति-मसौदालाई पेश गर्नेछ ।
[६] जनता तथा प्रान्तहरूले नयाँ योजनाको थालनी तथा प्रति-मसौदामा एकसाथ मत खसाल्न सक्नेछन् । मतदाताहरूले ती दुबै मसौदाहरूलाई अनुमोदन गर्न सक्नेछन् । उनीहरूले, दुबै मसौदाहरू अनुमोदन गर्न चाहेको

खण्डमा, आफूहरूलाई मन परेको मसौदालाई संकेत गर्न सक्नेछन् ; एउटा मसौदाले जनताको बहुमत ल्याएमा र अर्को मसौदाले प्रान्तहरूको बहुमत ल्याएमा, ती दुई मसौदामा कुनै पनि लागू हुने छैनन् ।

**धारा १४०** अनिवार्य जनमत-संग्रह

१ निम्न कुराहरू जनता तथा प्रान्तहरूको मतका निम्ति पेश गरिनेछन् :

क) संघीय संविधानका संशोधनहरू ;

ख) सामुहिक सुरक्षाका लागि संस्थाहरूमा वा बहुराष्ट्रिय समुदायहरूमा प्रवेश ;

ग) आकष्मीक भनी घोषणा गरिएका संघीय कानूनहरू जसको कुनै कानूनी आधार छैन र जसको वैधता एक वर्ष नाघेको छ ; त्यस्ता संघीय कानूनहरू संघीय संसद्ले अनुमोदन गरेको एक वर्षभित्र मतदानका निम्ति पेश गरिनु पर्दछ ।

२ निम्न कुराहरू जनताको मतका निम्ति पेश गरिनेछन् :

क) संघीय संविधानको पूर्ण संशोधनका निम्ति बनाइएका नयाँ थालनीहरू ;

ख) संघीय संसद्ले अस्वीकार गरेको एउटा साधारण सुझावको रूपमा संघीय संविधानको आंशिक संशोधनका निम्ति बनाइएका नयाँ थालनीहरू

ग) दुबै संसदीय अंगहरू असहमत भएको खण्डमा संविधानको पूर्ण संशोधन गर्ने वा नगर्ने भन्ने प्रश्न ।

**धारा १४१** वैकल्पिक जनमत-संग्रह

१ निम्न कुराहरू भोट हाल्न अधिकार भएका ५० ००० नागरिकहरू, वा आठवटा प्रान्तहरूको अनुरोधमा जनताको मतका निम्ति पेश गरिनेछन् :

क) संघीय कानूनहरू ;

ख) एक वर्षको वैधता नाघेका र जरूरी भनी घोषण गरिएका संघीय कानूनहरू ;

ग) संविधान वा कानूनले आवश्यक ठानेका संघीय आज्ञप्तिहरू ;

घ) अन्तर्राष्ट्रिय सन्धिहरू जुन:

१) असीमित अवधिका छन् र नतोडिन सक्छन् ;

२) अन्तर्राष्ट्रिय संस्थामा प्रवेशका निम्ति व्यवस्था मिलाउँछन् ;

३) कानूनको बहुपक्षीय एकीकरणमा संलग्न छन् ।

२ संघीय संसद्ले वैकल्पिक जनमत-संग्रहमा अन्य अन्तर्राष्ट्रिय सन्धिहरू पेश गर्न सक्नेछ ।

**धारा १४२** आवश्यक बहुमतहरू

१ जनताको मतका निम्ति पेश गरिएका प्रस्तावहरूलाई बहुसंख्यक मतदाताहरूले अनुमोदन गरेमा स्वीकार गरिनेछ ।

२ जनता तथा प्रान्तहरूको मतका निम्ति पेश गरिएका प्रस्तावहरूलाई बहुसंख्यक मतदाताहरू तथा बहुसंख्यक प्रान्तहरूले अनुमोदन गरेमा स्वीकार गरिनेछ ।

३ कुनै एउटा प्रान्तमा भएको आम मतको परिणामले उक्त प्रान्तको मतलाई निर्धारण गर्नेछ ।

४ ओबवल्ड, निडवल्ड, बेइसल सिटि, बेइसल ल्याण्ड, अपेन्जेल आउटर रोड्ज तथा अपेन्जेल इनर रोड्जका प्रान्तहरू हरेकसँग प्रान्तीय मतको आधा भाग हुनेछ ।

**शिर्षक ५: संघीय अख्तियारहरू**

**महल १: सामान्य व्यवस्थाहरू**

**धारा १४३** योग्यता

भोट दिन अधिकारप्राप्त हरेक स्विस नागरिक प्रतिनिधि सभा, संघीय सरकार, तथा संघीय सर्वोच्च अदाललतमा सदस्यताको निम्ति योग्य हुनेछ ।

**धारा १४४** बन्देजहरु

१ प्रतिनिधि सभा, राज्यसभा, संघीय सरकारका सदस्यहरू, तथा संघीय सर्वोच्च अदालतका न्यायाधीशहरू उही समयमा यी अङ्गहरूको अर्को अङ्गका सदस्यहरू हुन पाउने छैनन् ।
२ संघीय सरकारका सदस्यहरू तथा संघीय सर्वोच्च अदालतका पूर्णकालीन न्यायाधीशहरूले स्विस महासंघ वा कुनै प्रान्तको अर्को कार्य सम्पादन गर्ने छैनन्, न त उनीहरूले अर्को लाभहुने क्रियाकलापको अभ्यास गर्न पाउनेछन् ।
३ कानूनले अन्य असंगतिहरू तोक्न सक्नेछ ।

**धारा १४५** पदावधि

प्रतिनिधि सभा, संघीय सरकारका सदस्यहरू, तथा स्विस महासंघका कुलपतिलाई चार वर्षसम्मका लागि चयन गरिनेछ । संघीय सर्वोच्च अदालतका न्यायाधीशहरूलाई छ वर्ष सम्मका लागि चयन गरिने छ ।

**१४६** राज्यको उत्तरदायित्व

स्विस महासंघ आफ्ना अङ्गहरूले उनीहरूका औपचारिक क्रियाकलापहरू अभ्यास गर्दा गैरकानूनी रूपमा पग्ने क्षति प्रति उत्तरदायि हुनेछ ।

**धारा १४७** सुनुवाईहरू तथा परामर्शहरू

महत्त्वपूर्ण कानून तथा व्यापक असर पर्ने अन्य योजनाहरूको तयारी गर्दा, र महत्त्वपूर्ण अन्तर्राष्ट्रिय सन्धिहरू सम्बन्धमा प्रान्तहरू, राजनैतिक दलहरू, तथा ती कुराहरूमा चाख राख्ने समूहहरूको सुनुवाई हुनेछ ।

**महल २: संघीय संसद्**

**दफा १: संस्था**

**धारा १४८** मर्यादा

१ जनता तथा प्रान्तहरूका अधिकारहरूका पक्षमा काम गर्नुपर्ने गरी, स्विस महासंघको सबभन्दा उच्च निकाय संघीय संसद् हुनेछ ।
२ यसका दुईवटा अङ्गहरू हुनेछन्, प्रतिनिधि सभा तथा राज्यसभा ; यीसँग बराबर अधिकारहरू हुनेछन् ।

**धारा १४९** प्रतिनिधि सभाको गठन तथा निर्वाचन

१ प्रतिनिधि सभामा २०० जनताका प्रतिनिधिहरू हुनेछन् ।
२ प्रतिनिधिहरू समानुपातिक प्रतिनिधित्वको प्रणाली मुताविक जनताद्वारा प्रत्यक्षरूपमा निर्वाचित गरिनेछन् । प्रतिनिधि सभाको पुर्ण पुनर्गठन हरेक चार-चार वर्षमा गरिनेछ ।
३ हरेक प्रान्तले एउटा निर्वाचक जिल्ला गठन गर्नेछ ।

[४] सीटहरू प्रान्तहरूबीच उनीहरूको जनसंख्याको अनुपातमा बाँडिनेछ । हरेक प्रान्तसँग कमसेकम एक सीट हुनेछ ।

**धारा १५०** राज्यसभाको गठन तथा निर्वाचन

[१] राज्यसभामा प्रान्तहरूका ४६ प्रतिनिधिहरू हुनेछन् ।
[२] ओबवल्ड, निडवल्ड, बेइसल सिटि, बेइसल ल्याण्ड, अपेन्जेल आउटर रोड्ज तथा अपेन्जेल इनर रोड्जका प्रान्तहरू हरेकले एउटा विधायक चुन्ने छन् ; अन्य प्रान्तहरूले दुईजना विधायकहरू चुन्ने छन् ।
[३] प्रान्तहरूले आफ्ना विधायकहरूको निर्वाचनलाई नियन्त्रण गर्नेछन् ।

**धारा १५१** अधिवेशन अवधिहरू

[१] संसदीय अङ्गहरू अधिवेशनहरूका निम्ति नियमितरूपमा भेट्ने छन् । कानूनले अधिवेशनहरू बोलाउने नियम बनाउनेछ ।
[२] एक चौथाइ संसदीय अङ्ग वा संघीय सरकारका सदस्यहरूले संवैधानिक अङ्गगहरूलाई कुनै एउटा असाधारण अधिवेशन अवधि आह्वान गर्नका निम्ति अनुरोध गर्न सक्नेछन् ।

**धारा १५२** **अध्यक्षता**

हरेक संसदीय अङ्गले आफूबीचबाट एक वर्ष अवधिका लागि अध्यक्ष , प्रथम उपाध्यक्ष , तथा व्दितिय उपाध्यक्ष चुन्नेछन् । यी चयनहरु एक वर्ष पछी पुन: नविकरण गर्न सकिने छैन ।

**धारा १५३** संसदीय समितिहरु
[१] हरेक संसदीय अङ्गले आफूबीचबाट समितिहरु निर्माण गर्नेछन् ।
[२] कानूनले संयुक्त समितिहरुको व्यवस्था गर्न सक्नेछ ।
[३] कानूनले समितिलाई विधायन विषयक नभएका निश्चित अधिकारहरू प्रत्यायोजन गर्न सक्नेछ ।
[४] आफ्ना कार्यभारहरू पूरा गर्न, आयोगहरूसँग सूचना प्राप्त गर्ने, दस्ताबेजहरू अध्ययन गर्ने, तथा सोधपुछ गर्ने अधिकार हुनेछ । कानूनले यी अधिकारहरूका सीमाहरू परिभाषित गर्नेछ ।

**धारा १५४** संसदीय समूहहरू

संघीय संसद्का सदस्यहरूले संसदीय समूहहरू गठन गर्न सक्नेछन् ।

**धारा १५५** संसदीय सेवाहरू

संघीय संसद्ले संसदीय सेवाहरूबाट लाभ लिन सक्नेछ । यसले संघीय प्रशासनका सेवाहरूको माग गर्न सक्नेछ । कानूनले यस्ता प्रक्रियाहरू तोक्नेछ ।

**दफा २: प्रक्रिया**

**धारा १५६** छुट्टै विचार-विमर्श

[१] प्रतिनिधि सभा तथा राज्यसभाले छुट्टाछुट्टै बैठक गर्नेछन् ।
[२] संघीय संसद्का निर्णयहरूलाई दुवै सदनहरूको स्वीकृति आवश्यक पर्नेछ ।

**धारा १५७** संयुक्त विचार-विमर्श

[१] प्रतिनिधि सभा तथा राज्यसभाले प्रतिनिधि सभाको सभापतिको अध्यक्षतामा संघीय संसद्को रूपमा संयुक्त बैठकमा निम्न कुराहरूका निम्ति साझारूपमा विचार-विमर्श गर्नेछन्:

क) चुनावहरू गराउँदा ;

ख) उच्च संघीय निकायहरु बीच क्षेत्राधिकारसम्बन्धी भएका विवादहरूमाथि निर्णय गर्न ;

ग) माफीका निम्ति चढाइएका बिन्तिपत्रमाथि फैसला गर्न ।

[२] संघीय संसद् संयुक्त अधिवेशनमा विशेष अवसरहरू, तथा संघीय सरकारका घोषणाहरू सुन्नका निम्ति भेला हुनेछ ।

**धारा १५८** बैठकहरू सार्वजनिक हुनुपर्ने

दुबै सदनहरूका बैठकहरू सार्वजनिक हुनुपर्नेछ । कानूनले अपवादहरू तोक्न सक्नेछ ।

**धारा १५९** गणपूरक संख्या तथा बहुमत

[१] सदनहरूले बहुमत सदस्यहरू उपस्थित भएको खण्डमा रीतपूर्वक विचार-विमर्श गर्न सक्नेछन् ।

[२] ती निर्णयहरूलाई भोट खसालेका बहुसंख्याले दुबै सदनहरूमा र संघीय संसद्को संयुक्त अधिवेशनमा लगिनेछ ।

[३] तर, निम्न कुराहरूका निम्ति हरेक सदनका सदस्यहरूको बहुमत आवश्यक पर्नेछ:

क) संघीय कानूनहरूको जरुरतको घोषणा गर्नु परेमा;

ख) अनुदानहरू प्रदान गर्ने, ऋणको सीमालाई अधिकार प्रदान गर्ने, तथा २ करोड स्विस फ्राङ्क नाघ्ने नयाँ एक-पटकको खर्च हुने, वा २ करोड स्विस फ्राङ्क नयाँ पुनरावर्तक खर्च हुने अवस्थामा खर्च-सीमा तोक्ने व्यवस्थाहरू गर्नु परेमा ।

ग) [९] धारा १२६को उपधारा ३ बमोजिम असाधारण भुक्तानीको आवश्यकता परेमा कूल संख्यामा वृद्धि गर्नु परेमा ।

[४] संघीय संसद्ले अध्यादेश[१०] द्वारा उपधारा ३ को ख) बमोजिम मुद्रा स्फीतिको रकमलाई मिलान गर्न सक्नेछ ।

**धारा १६०** नयाँ योजनाहरू तथा प्रस्तावहरू

[१] संघीय संसद्को हरेक सदस्य, हरेक संसदीय समूह, हरेक संसदीय समिति, तथा हरेक प्रान्तको, संघीय संसद्मा नयाँ योजनाहरू पेश गर्ने अधिकार हुनेछ ।

[२] संघीय संसद् तथा संघीय सरकारका सदस्यहरूले कुनै एउटा विचाराधिन प्रस्ताव सम्बन्धी छलफलका निम्ति प्रस्तावहरू प्रस्तुत गर्न सक्नेछन् ।

**धारा १६१** निर्देशित जनादेशहरूको प्रतिबन्ध

[१] संघीय संसद्का सदस्यहरूले निर्देशनहरूविना मत खसाल्नेछन् ।

[२] उनीहरूले सरोकार राख्ने समूहहरूसँग आफ्ना सम्बन्धहरू प्रकट गर्नेछन् ।

---

[९] डिसेम्बर २, २००१ को मतदानमा अंगीकार गरिएको, फेब्रुअरी ४, २००२ मा संघीय सरकारको निर्णयद्वारा ठीक छ भनी प्रमाणित गरिएको र जुन २२, २००१ को संघीय आज्ञप्तिमा आधारित ।

[१०] डिसेम्बर २, २००१ को मतदानमा अंगीकार गरिएको, फेब्रुअरी ४, २००२ मा संघीय सरकारको निर्णयद्वारा ठीक छ भनी प्रमाणित गरिएको र जुन २२, २००१ को संघीय आज्ञप्तिमा आधारित ।

**धारा १६२** उन्मुक्ति

[१] संघीय संसद् तथा संघीय सरकारका सदस्यहरू, र संघीय कूलपतिलाई सदनहरू तथा संसदीय अङ्गहरू सामु उनीहरूले प्रस्तुत गर्ने वक्तव्यहरू माथि जवाफदेही बनाइनेछैन ।
[२] कानूनले उन्मुक्तिका अन्य रूपहरू तोक्न सक्नेछ, र तिनीहरूलाई अन्य व्यक्तिहरूमा विस्तार गर्न सक्नेछ ।

**दफा ३ : शक्तिहरू**

**धारा १६३** कानूनहरूको रूप तथा संघीय संसद्का आज्ञप्तिहरू

[१] संघीय संसद्ले एउटा संघीय कानून वा अध्यादेशको रूपमा कानूनहरू निर्माण गर्नेछ ।
[२]अन्य कानूनहरु एउटा संघीय आदेशको रुपमा जारी हुनेछन । जनमत-संग्रहबाट अनुमोदनको आवश्यकता नभएको संधिय आदेशलाई साधारण संघिय आदेश भनिनेछ ।

**धारा १६४** कानून

[१] विधिको शासनहरू स्थापना गर्ने सम्पूर्ण महत्त्वपूर्ण व्यवस्थाहरूलाई संघीय कानूनहरूको रूपमा कार्यान्वयन गरिनु पर्दछ । यिनीहरूमा निम्न आधारभूत व्यवस्थाहरू पर्दछन् :
क) राजनैतिक अधिकारहरूको अभ्यास ;
ख) संवैधानिक अधिकारहरूमा बन्देजहरु ;
ग) व्यक्तिहरूका अधिकारहरू तथा दायित्वहरू ;
घ) करदाताहरूको समूह, तथा करहरूका उद्देश्य तथा हिसाब-किताब ;
ङ) स्विस महासंघका कार्यहरू तथा सेवाहरू ;
च) प्रान्तहरूका संघीय कानूनलाई कार्यान्वयन तथा सम्पादन गर्दाका दायित्वहरू ;
छ) संघीय निकायहरुको संगठन एव तथा प्रक्रिया ।
[२] यदि संघीय संविधानले बन्देज नलगाएको अवस्थामा कुनै संघीय ऐनले कानून निर्माण गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ, ।

**धारा १६५** आकष्मीक कानून

[१] एउटा संघीय कानून जुन लागू हुनमा कुनै ढिलाइ हुँदैन, हरेक सदनको बहुमतले त्यसलाई अत्यावश्यक भनी घोषणा गरी तुरुन्तै लागू गर्न सकिनेछ । यसको समय सीमित हुनु पर्नेछ ।
[२] यदि कुनै अत्यावश्यक संघीय कानूनको विरुद्ध जनमत-संग्रहको माग भएमा, संघीय संसद्ले यसलाई अंगिकार गरेपछि एक वर्ष भित्र जनताव्दारा अनुमोदन भएन भने स्वत: समाप्त हुनेछ ।
[३] एउटा संवैधानिक आधार नभएको अत्यावश्यक संघीय कानून संघीय संसद्ले अंगिकार गरिपछि यदी एक वर्ष भित्र जनता तथा प्रान्तहरूद्वारा अंगीकार गरिएको छैन भने स्वत: समाप्त हुनेछ । यसको समयमा सीमित हुनु पर्नेछ ।
[४] मतदानमा अंगकिार नगरिएको एउटा अत्यावश्यक संघीय कानूनलाई पुन लागु गरिनेछैन ।

**धारा १६६** वैदेशिक सम्बन्धहरू तथा अन्तर्राष्ट्रिय सन्धिहरू

[१] संघीय संसद्ले वैदेशिक नीति बनाउने बनाउने कार्यमा भाग लिनेछ, तथा वैदेशिक सम्बन्धहरूको सुपरिवेक्षण गर्नेछ ।

[२] कानूनद्वारा तोकिएको वा संघीय सरकारका अधिकारहरूभित्र पर्ने अन्तर्राष्ट्रिय सन्धि बाहेकलाई, यसले अन्तर्राष्ट्रिय सन्धिहरूलाई स्वीकृति दिनेछ ।

**धारा १६७** वित्त

संघीय संसद्ले संघीय खर्च सम्बन्धी निर्णय गर्नेछ, बजेट स्वीकार गर्नेछ, तथा संघीय हिसाब-किताबलाई स्वीकृति दिनेछ ।

**धारा १६८** चयनहरू

[१] संघीय संसद्ले संघीय सरकारका सदस्यहरू, संघीय कूलपति, संघीय सर्वोच्च अदालतका न्यायाधीशहरू, तथा सैनिक सेवामा जर्नेलहरुको, चयन गर्नेछ ।
[२] कानूनले संघीय संसद्लाई अन्य निर्वाचनहरू गराउन वा नियुक्तिहरू दिनलाई अख्तियार दिन सक्नेछ ।

**धारा १६९** उच्च सुपरिवेक्षण

[१] संघीय संसद्ले संघीय सरकार, संघीय प्रशासन, संघीय अदालतहरू तथा स्विस महासंघका कार्यहरू जिम्मा लगाइएका अन्य अङ्गहरूमाथि उच्च सुपरिवेक्षणको अभ्यास गर्न सक्नेछ ।
[२] कानूनद्वारा नियुक्त गरिएका सुपरिवेक्षण आयोगहरूका विशेष प्रतिनिधिहरूसम्मूख आधिकारिक गोप्यताको दावि गर्न पाइनेछैन ।

**धारा १७०** प्रभावकारीताको मूल्याङ्कन

संघीय संसद्ले स्विस महासंघद्वारा अपनाइएका क्रियाकलापहरूको प्रभावकारीतको मूल्याङ्कन गर्ने कार्यको सुनिश्चित गर्नेछ ।

**धारा १७१** संघीय सरकारलाई जनादेशहरू

संघीय संसद्ले संघीय सरकारलाई जनादेशहरू प्रदान गर्न सक्नेछ । कानूनले प्रक्रियाहरूलाई नियन्त्रण गर्नेछ, र, विशेषत:, संघीय सरकारको अधिकारहरूभित्र रही मामलाहरूलाई प्रभाव पार्न संघीय संसद्ले प्रयोग गर्न सक्ने माध्यमहरूलाई नियन्त्रण गर्नेछ ।

**धारा १७२** स्विस महासंघ तथा प्रान्तहरूबीचका सम्बन्धहरू

[१] संघीय संसद्ले स्विस महासंघ तथा प्रान्तहरूबीचका सम्बन्धहरूलाई कायम राख्नेछ ।
[२] यसले प्रान्तीय विधानहरूको प्रत्याभूति दिनेछ ।
[३] यदि संघीय सरकार वा कुनै एउटा प्रान्तले तिनीहरूमा विरोध जनाएमा यसले अन्तरप्रान्तीय सन्धिहरू तथा प्रान्तहरू र विदेशी राष्ट्रहरूबीचका सन्धिहरूलाई स्वीकृति दिने वा नदिने भन्ने कुराको निर्णय गर्नेछ, ।

**धारा १७३** थप कार्यभारहरू तथा अधिकारहरू

[१] संघीय संसद्सँग तल उल्लेखीत अन्य कार्यभारहरू तथा अधिकारहरू हुनेछन् :
क) यसले बाह्य सुरक्षा, स्वाधीनता, तथा स्विटजरल्याण्डको तटस्थतालाई संरक्षण गर्न आवश्यक कदमहरू चाल्नेछ ;

ख) यसले आन्तरिक सुरक्षालाई जोगाइराख्न आवश्यक व्यवस्था मिलाउनेछ ;
ग) यदि असाधारण अवस्थाहरूले गर्दा आवश्यक परेमा, माथि क) र ख) बमोजिमका कार्यभारहरू पूरा गर्न यसले अध्यादेशहरू वा साधारण संघीय आज्ञप्तिहरू जारी गर्न सक्नेछ ;
घ) यसले सक्रिय सैनिक सेवाको आदेश दिनेछ, र यो हासिल गर्नका निम्ति, आंशिक वा सम्पूर्ण सैनिकलाई परिचालन गर्न सक्नेछ ;
ङ) यसले संघीय कानूनलाई लागू गराउन आवश्यक प्रक्रिया थाल्नेछ ;
च) यसले औपचारिक आवश्यकताहरू पूरा गरेका आम नयाँ योजनाका थालनीहरूमाथिको वैधता सम्बन्धी निर्णय गर्नेछ ;
छ) यसले राष्ट्रका गतिविधिहरूका महत्त्वपूर्ण योजना तर्जुमा गर्न सहयोग पुऱ्याउनेछ ;
ज) यसले वैयक्तिक ऐनहरू सम्बन्धी निर्णय गर्नेछ, यदि संघीय कानूनले स्पष्टसँग व्यक्त गरेको खण्डमा ;
झ) यसले उच्च संघीय अख्तियारहरूबीचका विवादहरू वा क्षेत्राधिकारसम्बन्धी निर्णय गर्नेछ ;
ञ) यसले माफीका लागि चढाइएका बिन्तिपत्रहरूमाथि निर्णय गर्नेछ र आम माफी घोषणा गर्नेछ ।

२ संघीय संसद्ले थप स्विस महासंघभित्रका अधिकारहरूमा पर्ने सम्पूर्ण विषयहरू, र अर्को संघीय अख्तियारको जिम्मामा नरहेका विषयहरूलाई हेर्नेछ ।

३ कानूनले संघीय संसद्लाई अन्य कार्यभारहरू तथा अधिकारहरू प्रदान गर्न सक्नेछ ।

## महल ३: संघीय सरकार तथा संघीय प्रशासन

### दफा १: संरचना तथा प्रक्रिया

**धारा १७४** संघीय सरकार

संघीय सरकार स्विस महासंघको सर्वोच्च शासन गर्ने तथा कार्यकारी अख्तियार हो ।

**धारा १७५** संरचना तथा निर्वाचन

१ संघीय सरकारमा सात सदस्यहरू हुनेछन् ।

२ संघीय सरकारका सदस्यहरूको निर्वाचन प्रतिनिधि सभाको हरेक पूर्ण पुनर्स्थापनापछि संघीय संसद्द्वारा गरिनेछ ।

३ उनीहरू चार वर्षका निम्ति[११] प्रतिनिधि सभामा, सदस्यताका निम्ति योग्य स्विस नागरिकहरूबीचबाट चुनिनेछन् ।

४ विभिन्न भौगोलिक तथा भाषिक क्षेत्रहरूको पर्याप्तरूपमा प्रतिनिधित्व गर्नका निम्ति ध्यान पुऱ्याइनेछ ।[१२]

**धारा १७६** राष्ट्रपतित्व

१ स्विस महासंघको राष्ट्रपतिले संघीय सरकारको अध्यक्षता गर्नेछ ।

२ संघीय संसद्ले, एक वर्ष अवधिका निम्ति, संघीय सरकारको एक सदस्यलाई स्विस महासंघको राष्ट्रपतिको रूपमा, र अर्कोलाई संघीय सरकारको उपराष्ट्रपतिको रूपमा चुन्नेछ ।

---

[११] फेब्रुअरी ७, १९९९ को मतदानमा अंगीकार गरिएको, मार्च २, १९९९ मा संघीय सरकारको निर्णयद्वारा ठीक छ भनी प्रमाणित गरिएको र अक्टोबर ९, १९९८ को संघीय आज्ञप्तिमा आधारित ।

[१२] फेब्रुअरी ७, १९९९ को मतदानमा अंगीकार गरिएको, मार्च २, १९९९ मा संघीय सरकारको निर्णयद्वारा ठीक छ भनी प्रमाणित गरिएको र अक्टोबर ९, १९९८ को संघीय आज्ञप्तिमा आधारित ।

[३] यी जनादेशहरू एक बर्ष पछी नविकरण गरिने छैनन । स्विस महासंघको राष्ट्रपति अर्को वर्ष उपराष्ट्रपति हुन योग्य हुनेछैन ।

**धारा १७७** सामूहिक अख्तियार तथा विभागीय विभाजनको सिद्धान्त

[१] संघीय सरकारले एउटा सामूहिक अङ्गको रूपमा आफ्ना निर्णयहरू लिनेछ ।
[२] निर्णयहरूको तयारी तथा कार्यान्वयनका लागि, संघीय सरकारका मामलाहरूलाई विभागहरूबमोजिम त्यसका सदस्यहरूबीच विभाजन गरिनेछ ।
[३] विषयहरूलाई प्रत्यक्षरूपमा टुंगो लगाउनका निम्ति विभागहरू, वा ती मातहतका प्रशासनिक इकाइहरूलाई जिम्मा दिइनेछ ; यस्ता अवस्थाहरूमा, कानूनी उपचारका निम्ति आश्रयको अधिकारको प्रत्याभूति दिइनेछ ।

**धारा १७८** संघीय प्रशासन

[१] संघीय सरकारले संघीय प्रशासनलाई निर्देशन दिनेछ । यसले आफ्नो दक्ष संरचना तथा आफ्ना कार्यभारहरूको प्रभावकारी सम्पादनको सुनिश्चित गर्नेछ ।
[२] संघीय प्रशासनलाई विभागहरूमा विभाजन गर्न सकिनेछ ; हरेक विभागको निर्देशन संघीय सरकारको एक सदस्यद्वारा गरिनेछ ।
[३] कानूनले संघीय प्रशासन बाहिर सार्वजनिक कानून वा वैयक्तिक कानून सम्बन्धी कार्य गर्ने संस्थाहरू वा व्यक्तिहरूलाई प्रशासनिक कार्यभारहरूको जिम्मा लगाउन सक्नेछ ।

**धारा १७९** संघीय चान्सरीको कार्यालय

संघीय चान्सरीको कार्यालयलाई संघीय सरकारको साधारण सदस्यकोरूपमा लिइनेछ । यसलाई संघीय चान्सलरद्वारा निर्देशन गरिनेछ ।

**दफा २: अधिकारहरू**

**धारा १८०** सरकारी नीति

[१] संघीय सरकारले आफ्नो सरकारको नीतिको लक्ष्यहरू तथा साधनहरूको निर्धारण गर्नेछ । यसले राष्ट्रका गतिविधिहरूको योजना बनाउनेछ र समन्वय गर्नेछ ।
[२] यसले आफ्ना गतिविधि वारे उपयुक्त समयमा र पूर्णरूपमा जनतालाई जानकारी गराउनेछ, यदि यसलाई अधिक सार्वजनिक वा निजी महत्त्वहरूले निषेध नगरेको खण्डमा ।

**धारा १८१** नयाँ थालनी

संघीय सरकारले आफ्नो कानूनका मसौदाहरूलाई संघीय संसद्मा पेश गर्नेछ ।

**धारा १८२** कानून तथा कार्यान्वयन

[१] संघीय सरकारले अध्यादेशहरूका रूपमा कानून बनाउनेछ, यदि त्यसो गर्नलाई संविधान वा कानूनले अधिकार दिएको छ भने ।
[२] यसले कानूनहरू, संघीय संसद्का आज्ञप्तिहरू, तथा संघीय न्यायापालिकाका फैसलाहरूको कार्यान्वयनको सुनिश्चित गर्नेछ ।

**धारा १८३** अर्थ

[१] संघीय सरकारले आर्थिक योजना तयार पार्नेछ, बजेटको मसौदा तयार गर्नेछ र संघीय लेखाको स्थापना गर्नेछ ।
[२] यसले उचित आर्थिक व्यवस्थापनको सुनिश्चित गर्नेछ ।

**धारा १८४** वैदेशिक सम्बन्धहरू

[१] संघीय सरकारले संघीय संसद्को सहभागिता हुन पाउने अधिकारको रक्षा गर्दै वैदेशिक सम्बन्धहरू स्थापना गर्न सक्नेछ ; यसले स्विटजरल्याण्डलाई विदेशमा प्रतिनिधित्व गर्नेछ ।
[२] यसले सन्धिहरूमा हस्ताक्षर गर्नेछ र तिनीहरूलाई लागू गर्नेछ । यसले तिनीहरूलाई अनुमोदनका निम्ति संघीय सरकारमा पेश गर्नेछ ।
[३] देशको हितलाई संरक्षण गर्न त्यस्तो आवश्यकता परेमा, संघीय सरकारले अध्यादेशहरू तथा आदेशहरू जारी गर्न सक्नेछ । अध्यादेशहरू समयमा सीमित हुनु पर्नेछ ।

**धारा १८५** बाह्य तथा आन्तरिक सुरक्षा

[१] संघीय सरकारले बाह्य सुरक्षा, स्वाधीनता, तथा स्विटजरल्याण्डको तटस्थतालाई संरक्षण गर्न आवश्यक कदम चाल्नेछ ।
[२] यसले आन्तरिक सुरक्षालाई रक्षा गर्न आवश्यक व्यवस्थाहरू मिलाउनेछ ।
[३] यसले सार्वजनिक सुव्यवस्था, वाह्य वा आन्तरिक सुरक्षालाई ठूलो खलल पुऱ्याइरहेका वा पुऱ्याउन सक्ने हुलदङ्गा वा प्रदर्शनहरूको निराकरण गर्नका निम्ति अध्यादेशहरू वा आदेशहरू जारी गर्न वर्तमान धारामा नै प्रत्यक्षरूमा आधारित हुन सक्नेछ । यस्ता अध्यादेशहरू समयमा सीमित हुनु पर्नेछ ।
[४] अत्यावश्यक अवस्थाहरूमा, यसले सुरक्षा फौज परिचालन गर्न सक्नेछ । यदि यसले सक्रिय ड्युटीका निम्ति सशस्त्र बलका ४००० सदस्यहरूभन्दा बढी परिचालन गरेमा, वा यदि त्यस्तो सक्रिय ड्युटीका लागि गरिएको परिचालन तीन हप्ताभन्दा बढी लम्बिने अपेक्षा गरिएको छ भने, विलम्ब नगरी संघीय संसद्को बैठक बोलाउनु पर्नेछ ।

**धारा १८६** स्विस महासंघ तथा प्रान्तहरूबीचका सम्बन्धहरू

[१] संघीय सरकारले स्विस महासंघ तथा प्रान्तहरूबीचको सम्बन्धलाई सुमधुर राख्नेछ, र प्रान्तहरूसँग मिलेर काम गर्नेछ ।
[२] यसले संघीय कानूनको कार्यान्वयन गर्न त्यस्तो आवश्यक परेमा प्रान्तीय कानूनलाई अनुमोदन गर्नेछ ।
[३] यसले प्रान्त-प्रान्तहरूबीच भएका सन्धिहरू, वा प्रान्तहरू र विदेशी राष्ट्रहरूबीच भएका सन्धिहरू विरुद्ध विरोध जनाउन सक्नेछ ।
[४] यसले संघीय कानून, प्रान्तीय विधानहरू, तथा अन्तरप्रान्तीय सन्धिहरूको कार्यान्वयनको सुनिश्चित गर्नेछ, र आवश्यक कदमहरू चाल्नेछ ।

**धारा १८७** थप कार्यहरू तथा अधिकारहरू

[१] संघीय सरकारसँग थप निम्न कार्यभारहरू तथा अधिकारहरू हुनेछन् :

क) यसले संघीय प्रशासन तथा स्विस महासंघका कार्यभारहरूको जिम्मा लगाइएका अन्य संस्थाहरू वा व्यक्तिहरूको सुपरीवेक्षण गर्नेछ ;

ख) यसले आफ्ना गतिविधिहरू तथा देशको स्थितिको वारेमा नियमितरूपमा संघीय संसद्लाई जानकारी गराउनेछ ;

ग) यसले अन्य अख्तियारहरूको अधिकारमा नपरेमा नियुक्तिहरू गर्नेछ ;
घ) यसले कानूनले व्यवस्था गरेको भए कानूनी उपचार सम्बन्धी निर्णय गर्नेछ ।
२ कानूनले संघीय सरकारलाई थप कार्यभारहरू तथा अधिकारहरू प्रदान गर्न सक्नेछ ।

## महल ४:[१३] संघीय सर्वोच्च अदालत तथा अन्य न्यायिक अख्तियारहरू

### धारा १८८ संघीय सर्वोच्च अदालतको स्थान

१ संघीय सर्वोच्च अदालत सबभन्दा उच्च संघीय न्यायिक निकाय हो ।
२ यसको संरचना तथा यसको प्रक्रियालाई कानूनद्वारा नियन्त्रण गरिनेछ ।
३ संघीय सर्वोच्च अदालतको आफ्नै प्रशासन हुनेछ ।

### धारा १८९ संघीय सर्वोच्च अदालतको क्षेत्राधिकार

१ संघीय सर्वोच्च अदालतको क्षेत्राधिकार निम्नलिखित विषयहरुमा हुनेछ :
क) संघीय कानून ;
ख) सार्वजनिक अन्तर्राष्ट्रिय कानून ;
ग) अन्तरप्रान्तीय कानून ;
घ) प्रान्तीय संवैधानिक अधिकारहरू ;
ङ) नगरपालिकाहरूको स्वायत्तता, तथा सार्वजनिक संस्थागत अङ्गहरूलाई प्रान्तहरूद्वारा प्रदान गरिएका अन्य प्रत्याभूतिहरू ;
च) संघीय तथा प्रान्तीय व्यवस्थाहरू तथा राजनैतिक अधिकारहरू ।
२ यसले स्विस महासंघ तथा प्रान्तहरू वा प्रान्त-प्रान्तहरूबीच भएका सार्वजनिक कानून विवादहरूको निरोपण गर्नेछ ।
३ कानूनले संघीय सर्वोच्च अदालतको क्षेत्राधिकारका लागि थप आधारहरू तोक्न सक्नेछ ।
४ स्विस संघीय सर्वोच्च अदालतका सामु संघीय संसद् तथा संघीय सरकारको कार्यहरु चुनौती दिन सकिनेछैन । अपवादहरू कानूनद्वारा तोक्न सकिनेछ ।

### धारा १९० व्यावहारिक कानून

संघीय सर्वोच्च अदालत तथा अन्य कानून प्रयोग गर्ने अख्तियारवालाहरुले संघीय कानूनहरू तथा अन्तर्राष्ट्रिय कानूनको पालन गर्नेछन् ।

### धारा १९१ संघीय सर्वोच्च अदालतमा पहुँच

१ कानूनले संघीय सर्वोच्च अदालतमा पहुँचको प्रत्याभूति दिनेछ ।
२ आधारभूत महत्त्वको कानूनी प्रश्नसँग सम्बन्धित नभएका विवादहरूलाई, संघिय सवोच्च अदालतमा प्रवेश गर्न एउटा विगोको सिमा निश्चित गर्न सकिनेछ ।
३ निश्चित विषय वस्तुहरूलाई कानूनद्वारा निर्धारीत गरी संघीय सर्वोच्च अदालतमा पहुँच नहुने गर्न सकिनेछ ।

---

[१३] मार्च १२, २००० को मतदानमा अंगीकार गरिएको, मे १७, २००० मा संघीय सरकारको निर्णयद्वारा ठीक छ भनी प्रमाणित गरिएको र अक्टोबर ८, १९९९ को संघीय आज्ञप्तिमा आधारित ।

[४] सामान्य रुपमा कुनै आधार नभएको देखीन उजुरीहरूको सम्बन्धमा कानूनले एउटा सरल प्रक्रियाको व्यवस्था गर्न सक्नेछ ।

**धारा १९१** *क* थप संघीय न्यायिक निकायहरु

[१] स्विस महासंघले एउटा संघीय फौजदारी अदालतको व्यवस्था गर्नेछ जसले एउटा प्रारम्भिक अदालतको रूपमा फौजदारी मुद्दाहरू हेर्नेछ जुन मुद्दाहरू कानूनद्वारा संघीय क्षेत्राधिकारमा परेका छन् । कानूनले संघीय फौजदारी अदालतको क्षेत्राधिकारका निम्ति थप आधारहरू तोक्न सक्नेछ ।
[२] स्विस महासंघले संघीय प्रशासनको प्रशासनिक क्षेत्राधिकारभित्रबाट उठेका सार्वजनिक कानूनका विवादहरूको निरोपण गर्न संघीय न्यायिक निकायहरुको व्यवस्था गर्नेछ ।
[३] थप संघीय न्यायिक निकायहरु कानूनद्वारा स्थापित गर्न सकिनेछ ।

**धारा १९१** *ख* प्रान्तीय न्यायिक अख्तियारहरू

[१] प्रान्तहरूले नागरिक तथा सार्वजनिक कानूनी विवादहरू तथा फौजदारी मुद्दाहरूको न्याय गर्न प्रान्तीय न्यायिक निकायहरु स्थापना गर्न सक्नेछन् ।
[२] तिनीहरूले साझा न्यायिक निकायहरु स्थापना गर्न सक्नेछन् ।

**धारा १९१** *ग* न्यायपालिकाको स्वाधीनता

सम्पूर्ण न्यायिक निकायहरु आफ्ना क्रियाकलापमा स्वतन्त्र हुनेछन् र कानूनद्वारा मात्र बाँधिने छन् ।

## शिर्षक ६: संघीय संविधानको संशोधन तथा अस्थायी व्यवस्थाहरू

### महल १: संशोधन

**धारा १९२** सिद्धान्त

[१] संघीय संविधानको कुनै पनि समयमा पूर्ण वा आंशिक संशोधन हुन सक्नेछ ।
[२] संघीय संविधान तथा कार्यान्वयन गर्ने कानूनले अर्को व्यवस्था नगरेको भएमा, संशोधन गर्दा कानूनी प्रक्रिया अपनाइनेछ ।

**धारा १९३** पूर्ण संशोधन

[१] संघीय संविधानको पूर्ण संशोधनका निम्ति जनता वा सदनहरूमध्ये एउटाले प्रस्ताव राख्न सकिनेछ, वा संघीय संसद्द्वारा आदेश गर्न सकिनेछ ।
[२] यदि उक्त प्रस्ताव जनताबाट आएको छ भने वा यदि सदनहरू सहमतिमा पुग्न सकेनन् भने, जनताले नै पूर्ण संशोधन गर्ने वा नगर्ने भन्ने कुराको निर्णय गर्नेछन् ।
[३] जनताले पूर्ण संशोधनलाई सहमति जनाएमा, दुबै सदनहरू नयाँगरी निर्वाचित हुनेछन् ।
[४] अन्तर्राष्ट्रिय कानूनका अनिवार्य व्यवस्थाहरूलाई उल्लंघन गर्न पाइनेछैन ।

**धारा १९४** आंशिक संशोधन

[१] संघीय संविधानको आंशिक संशोधनका निम्ति जनताद्वारा अनुरोध गर्न सकिनेछ, वा संघीय संसद्द्वारा आदेश गर्न सकिनेछ ।
[२] आंशिक संशोधनले विषयवस्तुको एकात्मताको सिद्धान्तलाई मर्यादा गर्नु पर्नेछ ; यसले अन्तर्राष्ट्रिय कानूनका अनिवार्य व्यवस्थाहरूलाई उल्लंघन गर्न पाउने छैन ।
[३] आंशिक संशोधन गर्ने आम नयाँ थालनीले, अझ, एकात्मताको सिद्धान्तलाई मर्यादा गरेको हुनु पर्नेछ ।

**धारा १९५** लागू हुने समय

पूर्ण वा आंशिकरूपमा संशोधन गरिएको संविधान जनता तथा प्रान्तहरूद्वारा स्वीकार गरिँदा बित्तिकै लागू हुनेछ ।